भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि.
च्याम्हासिंह, भक्तपुर-९, फोन नं.०१-६६१४६८६

**एकहप्ते पाक शिक्षा तालिमसम्बन्धी सूचना**

**तालिम कार्यक्रम**
तालिम सुरू : २०८२/०९/२० गतेदेखि
समय : बेलुकी ४:३० देखि ६:३० सम्म
दर्ता शुल्क : १०००।-
सहभागी सङ्ख्या : २० जना
अन्तिम दर्ता मिति : २०८२/०९/१८ गतेसम्म
स्थान : भक्तपुर साकोस, सभाहल
पुनश्च : पहिला आउनेलाई पहिलो प्राथमिकता दिइनेछ।
*आयोजक : महिला उपसमिति*

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६
भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदूर

*The Worker Daily* दैनिक

Website : www.onlinemajdoor.com

भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि.
च्याम्हासिंह, भक्तपुर-९, फोन नं.०१-६६१४६८६

**किटनाशक बिषादीको प्रयोग र त्यसको असरसम्बन्धी अभिमुखीकरण कार्यक्रम**

**कार्यक्रम**
मिति : २०८२/०९/१५ गते, मङ्गलबार
समय : बिहान ७:३० बजे
स्थान : भक्तपुर साकोस, सभाहल
*आयोजक : कृषि उपसमिति*

★ वर्ष : २७ ★ अङ्क : ३४१ ★ ने. सं. ११४६ पोहेला थ्व, दशमी ★ सोमबार ★ १४ पुस, २०८२ ★ December 29, 2025, Monday ★ मूल्य रु.५।- ★ पृष्ठ ८

## नेमकिपाको समानुपातिक उम्मेदवारको बन्दसूची आयोगमा दर्ता



काठमाडौँ, १३ पुस । नेपाल मजदुर किसान पार्टीले प्रतिनिधिसभाको समानुपातिक उम्मेदवारको बन्दसूची आइतबार निर्वाचन आयोगको कार्यालय, काठमाडौँमा दर्ता गऱ्यो । आयोगका अनुसार नेमकिपा बन्दसूची दर्ता गर्ने पहिलो पार्टी हो ।

बन्दसूची दर्ताको लागि पार्टीका सचिव प्रेम सुवाल, केन्द्रीय सदस्यहरू सुनिल प्रजापति, नारायण महर्जन, राजवीर डंगोल, न्हुछेमाया सुवाललगायत आयोगमा पुग्नुभएको थियो । नेमकिपाले देशभरिका मुस्लिम, थारु, दलित, मधेसी, आदिवासी जनजाति र खसआर्यसहित ६ समूहमा आवश्यक ११० जनाको उम्मेदवार संलग्न गरेको छ ।

आयोगले नेमकिपालाई बन्दसूची जाँचबुझको लागि पुस १७ गते समय दिएको छ । अन्य केही पार्टी पनि दर्ताको लागि आयोग पुगेका थिए ।

आयोगले बन्दसूची छानबिन गरी सच्याउन पुस १५ गतेदेखि २० गतेसम्म सूचना दिने र सो सूचनाअनुसार दलहरूले पुस २१ गतेदेखि २७ सम्म संशोधित बन्दसूची पेस गर्नेछन् ।

पुस २८ गते एकदिन उम्मेदवारलाई नाम फिर्ता लिन समय दिइनेछ । आयोगले पुस २९ गते रिक्त उम्मेदवारबारे सम्बन्धित दललाई जानकारी दिनेछ । पुस ३० गतेदेखि माघ २ सम्म रिक्त स्थानमा मनोनयन गर्न दललाई समय दिइनेछ । आयोगले माघ ४ गते बन्दसूचीको नामावली प्रकाशन गर्नेछ । माघ ५ गतेदेखि १० गतेसम्म दाबी विरोधको समय हुनेछ । आयोगले माघ ११ देखि १७ सम्म दाबी विरोधमा जाँचबुझ र निर्णय गरिनेछ । आयोगले माघ २० गते बन्दसूचीको अन्तिम नामावली प्रकाशन गर्नेछ ।

माघ ६ गते प्रत्यक्ष निर्वाचनको उम्मेदवारी सम्बन्धित निर्वाचन क्षेत्रको कार्यालयमा दर्ता गर्ने कार्यतालिका राखिएको छ ।

## “अमेरिकी साम्राज्यवादले विश्वमा थिचोमिचो गर्दै हुकुम लाद्न खोज्दै छ”



दैलेख, १३ पुस । नेपाल क्रान्तिकारी महिला सङ्घ चामुण्डा बिन्द्रासैनीको आयोजनामा स्तालिनको १४७ औँ र माओ त्सेतुङको १३२ औँ जन्म जयन्तीको अवसरमा ‘भेनेजुयला : हिजो र आज’ भन्ने पुस्तकको अन्तरक्रिया कार्यक्रम भयो ।

नेक्रामसङ्घ चामुण्डा बिन्द्रासैनी नगर समितिका अध्यक्ष धनकुमारी शाहीको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य जग्यबहादुर शाहीले अमेरिकी साम्राज्यवादले विश्वका स्वतन्त्र देशहरूमाथि थिचोमिचो गर्दै आफ्नो साम्राज्यवादी हुकुम लाद्न खोजिरहेको बताउनुभयो ।

भेनेजुयलाको सरकारविरुद्ध सयौँ पटक सत्ता विद्रोहको दुष्प्रयास गरेको चर्चा गर्दै उहाँले दक्षिणपन्थी नेता ह्वाँ ग्वाइडो अमेरिकी कठपुतली साबित भएको प्रस्ट पार्नुभयो ।

भेनेजुयलामा अमेरिकी हस्तक्षेपको उद्देश्य त्यस देशमा रहेको ऊर्जा र खनिज स्रोतमाथि कब्जा जमाउन भएको चर्चा गर्दै भेनेजुयलाको माडुरो सरकारलाई पराजित गर्नु भनेको प्रगतिशील आन्दोलनलाई पराजित गर्नु हो भन्नुभयो ।

भेनेजुयलामाथिको अमेरिकी हस्तक्षेपको निन्दा गर्दै नेमकिपाका केन्द्रीय

*बाँकी पृष्ठ २ मा*

## मानवीय सहायता उपलब्ध गराउने चिनियाँ विदेशमन्त्रीको प्रतिबद्धता

कुनमिङ, चीन, १३ पुस (एएफपी) । कम्बोडियालाई मानवीय सामग्री उपलब्ध गराउन आफू इच्छुक रहेको चीनले आइतबार बताएको छ । चिनियाँ विदेशमन्त्री वाङ यीले कम्बोडियालाई मानवीय सामग्री उपलब्ध गराउन चीन इच्छुक रहेको बताउनुभएको हो ।

चिनियाँ कम्युनिष्ट पार्टी केन्द्रीय समितिको राजनीतिक व्युरोका सदस्यसमेत रहेका वाङले कम्बोडियाका उपप्रधानमन्त्री, विदेश तथा अन्तर्राष्ट्रिय सहयोगमन्त्री प्राक सोखोनसँग चीनको युनान प्रान्तको युसी सहरमा भेटघाट गर्दै उक्त भनाइ राख्नुभएको हो ।

युद्धविरामका लागि सहमति जनाउँदै जारी संयुक्त वक्तव्यमा हस्ताक्षर गरेपछि कम्बोडिया र थाई विदेशमन्त्रीहरूले वाङको निमन्त्रणामा डिसेम्बर २८ देखि २९ सम्म युनानमा भेट गर्न प्रतिनिधिमण्डलको नेतृत्व गरिरहनुभएको छ ।

“चीनले कम्बोडिया-थाइल्यान्ड सीमामा तनावपूर्ण अवस्थालाई नजिकबाट नियालिरहेको छ र वार्ताको माध्यमबाट शान्तिलाई सहज बनाउन प्रतिबद्ध रहेको छ,” वाङले भन्नुभयो । चीनले युद्धविराम सम्झौताका लागि दुवै पक्षलाई बधाई दिएको छ ।

विदेशमन्त्री वाङले युद्धविरामले शान्ति निर्माणको सुरुवात भएको बताउँदै दुवै पक्षलाई विस्तृत र दिगो युद्धविरामको प्रवर्द्धन गर्न, सामान्य अन्तरक्रिया पुनर्स्थापना गर्न, आपसी विश्वासको पुनर्निर्माण गर्न, द्विपक्षीय सम्बन्धमा सुधार

*बाँकी पृष्ठ २ मा*

**भक्तपुर जग्गा तथा आवास विकास संघको**

**सदस्यता आह्वानसम्बन्धी सूचना**

यस सङ्घको सदस्य बन्न इच्छुक नेपाल सरकारमा दर्ता भई भक्तपुर जिल्लालाई कार्यक्षेत्र बनाई घर तथा जग्गासम्बन्धी कार्य गर्ने व्यवसायीहरूले सङ्घको सचिवालयमा सम्पर्क गर्नुहुन हार्दिक अनुरोध गर्दछौं ।

थप जानकारीका लागि सम्पर्क

**भक्तपुर जग्गा तथा आवास विकास संघ**

सम्पर्क नं. : ९७६३४९१६६६

**भक्तपुर इँट्टा उद्योग व्यवसायी संघ**
लिबाली, भक्तपुर-८

**३० औं वार्षिक साधारणसभासम्बन्धी सूचना**

यस भक्तपुर इँट्टा उद्योग व्यवसायी संघको ३० औं वार्षिक साधारणसभा निम्न मिति, समय र स्थानमा हुने भएको हुँदा सम्पूर्ण सदस्य महानुभावहरूलाई समयमै उपस्थित भइदिनुहुन हार्दिक अनुरोध गर्दछ । साथै साधारणसभामा सहभागी हुन सम्पूर्ण सदस्यहरूलाई पत्राचार गरिसकेकोमा कुनै सदस्यहरूलाई कारणबस पत्र नपुगेको भएमा यसै सूचनालाई आधार मानी साधारणसभामा उपस्थित भइदिनुहुन अनुरोध गर्दछ ।

**कार्यक्रम**
मिति : २०८२ पुस १६ गते, बुधबार
समय : बिहान ११:३० बजे
स्थान : होटेल घ्याम्पे डाँडा, सूर्यविनायक, भक्तपुर

**नातिभाइ ह्योम्बा**
अध्यक्ष
**भक्तपुर इँट्टा उद्योग व्यवसायी संघ**

# आँखा स्वास्थ्य उपचारसम्बन्धी एकदिने तालिम सम्पन्न




भक्तपुर, १३ पुस । ख्वप तिलगंगा आँखा अस्पतालको आयोजनामा भक्तपुर नगरपालिकाका वडा नर्स तथा विद्यालय नर्स एवम् चाँगुनारायण नगरपालिका र सूर्यविनायक नगरपालिकाका विद्यालय नर्सहरूलाई आधारभूत आँखा स्वास्थ्य उपचारसम्बन्धी एकदिने तालिम आइतबार सम्पन्न भयो ।

विद्यालय उमेरका स-साना बालबालिकाहरूको आँखा परीक्षण गर्ने सीप सिकाउने उद्देश्यले सञ्चालित उक्त तालिममा २९ जना नर्सहरूको सहभागिता थियो ।

सहभागीहरूलाई प्रमाणपत्र वितरण गर्दै भक्तपुर नगरपालिका वडा नं. ९ का वडाध्यक्ष तथा ख्वप तिलगंगा आँखा अस्पताल व्यवस्थापन समितिका सदस्य रवीन्द्र ज्याख्वले बालबालिकाहरूको स्वास्थ्य संवेदनशीलताबारे सचेत हुनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

स्वस्थ बालबालिका समुन्नत भविष्यको आधार भएको चर्चा गर्दै बालबालिका आफैले रोगबारे बताउन नसक्ने र अभिभावकहरूमा स्वास्थ्य सचेतना कम हुने भएकोले विद्यालय तथा वडा नर्सहरूको महत्त्वपूर्ण भूमिका हुने बताउनुभयो ।

उहाँले भक्तपुर नगरपालिका र तिलगंगा आँखा केन्द्रको संयुक्त सहकार्यमा ख्वप तिलगंगा आँखा अस्पताल सञ्चालन भएको उल्लेख गर्दै अस्पतालमार्फत आर्थिक अवस्था कमजोर भएका जनतालाई समेत सहज उपचार सेवा प्रदान गरिरहेको बताउनुभयो ।

यसअघि तालिमको सुरूआतमा ख्वप अस्पतालका निमित्त मेडिकल डाइरेक्टर डा. मजेशप्रताप मल्लले अस्पतालको एउटै भवनबाट सबै प्रकारका रोगको सहज उपचार गराउने उद्देश्यले ख्वप अस्पताल र ख्वप तिलगंगा आँखा अस्पतालबिच सहकार्य भएको बताउनुभयो ।

ख्वप तिलगंगा आँखा अस्पतालका प्रमुख डा. सुदिप राजभण्डारी, व्यवस्थापक धिरज अधिकारी र चिकित्सक कृजन सुवालले आँखाको हेरचाह तथा आँखासम्बन्धी लाग्ने विभिन्न रोगहरूको बारेमा अभिमुखीकरण गर्नुभयो ।

# चाँनपा–५ मिलन टोलमा स्तालिन र माओ जयन्ती




भक्तपुर, १३ पुस । नेपाल मजदुर किसान पार्टी चाँगुनारायण नगरपालिका ५ नं वडा एकाइ समितिको आयोजनामा विश्वसर्वहारा वर्गका महान् गुरुहरू जोसेफ स्तालिनको १४७ औँ र माओ त्सेतुङको १३२ औँ जन्मजयन्तीको अवसरमा चानपा मिलन टोलमा प्रशिक्षण कार्यक्रम भयो ।

कार्यक्रममा नेमकिपा चाँगुनारायण नगर समितिका अध्यक्ष न्हुछेभक्त फोजुले नेमकिपा कामगरी खाने किसान, मजदुर तथा शोषित-पीडित जनताको पार्टी भएको चर्चा गर्दै कामदार जनतालाई सङ्गठित गरी समाजवादी क्रान्ति स्थापना गर्न नेमकिपा सङ्घर्षरत रहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "जनताको प्रजातन्त्र हुँदै समाजवादी व्यवस्था र साम्यवादमा पुग्ने नेमकिपाको लक्ष्य हो । सोभियत सङ्घमा समाजवाद स्थापना गर्न नेता स्तालिन र चीनमा समाजवादको आधार निर्माण गर्नमा अध्यक्ष माओको योगदान भएकोले विश्वका प्रगतिशील जनताले स्तालिन र माओलाई सम्झिरहने छन् ।"

नेमकिपा चाँनपाका युवराज बयलकोटीले माओ र स्तालिनको जीवनी अध्ययनले देश र जनताको सेवामा लाग्न उत्प्रेरणा दिने बताउनुभयो ।

कार्यक्रममा जीराम सुवाल, एसबी फाजु र प्रकाश मिजारले पनि बोल्नुभएको थियो ।

# भीषण भैरव बचत कोषको साधारणसभा सम्पन्न

भक्तपुर, १३ पुस । स्थानीय टोलवासीहरूद्वारा सञ्चालित भक्तपुर नपा वडा नं. ६ स्थित भीषण भैरव बचत कोषको छैटौँ साधारणसभा ठुली ब्रह्मायणीमा सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नपाका कार्यपालिका सदस्य एवम् वडा नं. ६ का वडासदस्य रोशनमैयाँ सुवालले हरेक समूहले सञ्चालन गरेको बचत कोषहरूमा आर्थिक पारदर्शिता, नेतृत्वमा इमानदारिता र सक्षम हुनुपर्ने विचार व्यक्त गर्नुभयो ।

उहाँले बचत कोषकेन्द्रित समूहहरू पैसा र नाफामात्र सीमित हुन नहुने, सामाजिक संस्कार, संस्कृतिका कुराहरू पनि सिकाउनु र बुझाउनुपर्ने उल्लेख गर्नुभयो ।

श्रमजीवी बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष गोविन्दराम त्वानाबासुले भीषण भैरव बचत कोषले बचत परिचालन गरी उचित नाफा वितरण गर्नु कोषको सफलता रहेको र कोषले सामाजिक गतिविधिअन्तर्गत सदस्य र वडावासीहरूका खानेपानी, स्वास्थ्यमूलक चेतना कार्यक्रम र विद्युतीय खम्बाले अवरोध रहेका समस्याहरू लिएर सम्बन्धित निकायसम्म आवाज बुलन्द गरेको जानकारी दिनुभयो ।

कोष सञ्चालन समितिका संयोजक रमेश सितिखुको सभापतित्वमा भएको उक्त कार्यक्रममा आय-व्यय प्रतिवेदन सदस्य मदन खाताखोले प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा लेखा सहायक सुनिल सितिखु र सागर कुसाथाले पनि बोल्नुभएको थियो ।

# नीलबाराही साकोसको २७ औँ साधारणसभा सम्पन्न

मध्यपुर, १३ पुस । नीलबाराही बचत तथा ऋण सहकारी संस्था लि. बोदेको २७ औँ साधारणसभा शनिबार सम्पन्न भयो ।

कार्यक्रममा मध्यपुर थिमि नगरपालिका वडा नं ८ का वडाध्यक्ष रमेश थापा श्रेष्ठले विद्यार्थीहरूमा राजनीतिक चेतनाको आवश्यकता जेन-जी आन्दोलनले पुष्टि गरेको बताउनुभयो । राजनीतिक ज्ञान र अनुभव प्राप्त आन्दोलनले सामाजिक रूपान्तरणमा सहयोग पुग्ने अन्यथा विध्वंस र क्षतिमा परिणत हुने कुरा उहाँले बताउनुभयो ।

उहाँले समाजको प्रगतिशील परिवर्तनको लागि अथक मेहनत, निरन्तरता र लगनशीलताको आवश्यकता हुने कुरा औँल्याउँदै देश र समाज परिवर्तन गर्नको लागि अनवरत रूपमा सङ्घर्ष गर्नुपर्ने कुरामा जोड दिनुभयो । सहकारीका सञ्चालकहरूले आफ्नो व्यक्तिगत फाइदाको लागि मात्र काम गर्न सहकारी ऐन र नियमको छिद्र प्रयोग गरेको सन्दर्भ कोट्याउँदै सहकारीका शेयर सदस्यहरूमा सहकारीमा हुने अनियमितता र भ्रष्टाचारबारे शिक्षा भएमा यस्ता क्रियाकलापमा कमी आउने विचार व्यक्त गर्नुभयो ।

द्योमा जगत वृद्धाश्रम, बोदेका अध्यक्ष प्रेमचन्द्र अदुवाले समाजका असहाय र निमुखा जनताको सहयोगको लागि सबैले सहयोग गर्नुपर्ने विचार राख्नुभयो ।

एसईई विद्यार्थी प्रतिनिधि सराह था श्रेष्ठले पुराना पुस्ताको ज्ञान र प्रेरणाले सामाजिकरूपमा अघि बढ्न हौसला प्राप्त हुने विचार राख्नुभयो ।

संस्थाका उपाध्यक्ष सुरेन्द्र थाको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा एसईई २०८१ मा संस्थाका सदस्यका छोराछोरीहरूलाई सम्मान गरिएको थियो भने मध्यपुर नगरव्यापी मेन्स डबल व्याडमिन्टन प्रतियोगितामा सफल खेलाडीहरूलाई पनि मायाको चिनो प्रदान गरिएको थियो ।

उक्त कार्यक्रममा सजीव था र अम्बर श्रेष्ठले पनि बोल्नुभएको थियो ।

भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संस्था लिका व्यवस्थापक बालकृष्ण ध्वजुको संयोजकत्वमा गठित निर्वाचन समितिबाट ज्ञानकृष्ण बुढाको नेतृत्वमा नयाँ सञ्चालक समिति निर्वाचित गरिएको थियो ।

# कमलविनायकमा खाद्य पसल अनुगमन

भक्तपुर, १३ पुस । भक्तपुर नगरपालिका अनुगमन समितिका संयोजक राजकृष्ण गोराको नेतृत्वमा कमलविनायकमा १० वटा पसलहरूमा बजार अनुगमन भयो । अनुगमनमा पेटी र पेटीमुनि सामानहरू राखेको कडाइका साथ हटाउन निर्देशन दिइएको थियो ।

अनुगमनमा कमलविनायक इलेक्ट्रोनिक्समा व्यवसाय नवीकरण तीन दिनभित्र गर्न निर्देशन दिइयो ।

भीआईपी म:म: एन्ड फास्टफुडमा म्याद नाघेका सामान मिरिन्डा २ वटा जफत गरी नष्ट गरियो भने भान्छा र म:म: बनाउने ठाउँ सफा गर्ने, म:म: बनाउने व्यक्तिले हेयर नेट, पञ्जा, मास्क र एप्रोन लगाउन निर्देशन दिई प्याकेजिङ म:म: खाद्य अनुज्ञापत्र लिई लेबल राखी बिक्री वितरण गर्न र पेटीमा रहेको म:म: पकाउने भाँडो हटाउन निर्देशन दिई तीन दिनभित्र नगरपालिकामा उपस्थित हुन निर्देशन दिइयो ।

जे एन्ड जे स्टोर पेटी र पेटीमुनि सामान नराख्न र हटाउन निर्देशन दिई तीन दिनभित्र नगरपालिकामा उपस्थित हुन निर्देशन दिइयो ।

एस एन्ड एस स्टोर्स पेटी र पेटीमुनि सामान नराख्न र हटाउन निर्देशन दिई तीन दिनभित्र नगरपालिकामा उपस्थित हुन निर्देशन दिई प्याकेजिङ सामान खाद्य अनुज्ञापत्र लिई लेबल राखी मात्र बिक्री वितरण गर्न र म्याद नाघेको सामान जीरा ५ पाकेट जफत गरी नष्ट गरियो ।

अनुगमन समितिका सदस्य वडाध्यक्ष श्यामकृष्ण खत्री, कार्यपालिका सदस्य रोशनमैयाँ सुवाल, वडा सदस्य ज्ञानबहादुर मानन्धर, रीता फसिकवा, भनपा स्यानिटेसनका न.नि. दिलिपकुमार सुवाल, वडा निरीक्षक रामकृष्ण प्रजापति, कर शाखाका मोहनदेवी व्यान्जु, जिल्ला प्रशासन कार्यालयका नवराज पोखरेल, महानगरीय प्रहरी प्ररिसरका प्रहरी सहायक निरीक्षक तेजप्रसाद खतिवडा, राष्ट्रिय उपभोक्ता मञ्चका मनोज थापाको सहभागिता थियो ।

# तीस हजार पर्यटकद्वारा महोत्सवको अवलोकन

भक्तपुर, १३ पुस । भक्तपुरमा परम्परागत रूपमा माटोको भाँडा बनाउने ऐतिहासिक पोटरी स्क्वायरमा आयोजना भएको दुईदिने पोटरी स्क्वायर स्ट्रिट फेस्टिभल (सडक महोत्सव) गए राति सम्पन्न भएको छ ।

एकीकृत हाकुज्या प्रजापति समाजले शुक्रबारबाट सुरु गरेको महोत्सवमा दुई दिनमा विदेशी तथा स्वदेशी गरी ३० हजारभन्दा बढी पर्यटकको आगमन भएको महोत्सवका संयोजक उकेश प्रजापतिले जानकारी दिनुभयो । भक्तपुरको तालाक्व क्षेत्र ऐतिहासिक, सांस्कृतिक र पर्यटकीय दृष्टिकोणले महत्त्वपूर्ण ठाउँ रहेको पोटरी स्क्वायरमा माटो तथा काष्ठकला, हस्तकलालगायतका विभिन्न सामान निर्माण गरेको प्रत्यक्ष अवलोकन गर्न तथा स्थानीय परिकारको स्वाद चाख्न विदेशी तथा स्वदेशी पर्यटकको घुइँचो लागेको उहाँले जानकारी दिनुभयो ।

भक्तपुर नगरपालिकाले विदेशी पर्यटकको मात्र भर नपरी आन्तरिक पर्यटन प्रवर्द्धनमा पनि जोड दिन आवश्यक ठानेर आयोजना गरेको कार्यक्रममा शनिबार रातिसम्म सांस्कृतिक कार्यक्रम एवं कन्सर्टको आयोजना गरिएको छ । मौलिक उत्पादन र सीपलाई संरक्षण गर्ने उद्देश्यले आयोजना गरिएको महोत्सवमा स्थानीय खाद्य, विभिन्न स्थानीय परिकार, कृषि, माटाका भाँडाकुँडाको स्टल तथा प्रदर्शनी, सांस्कृतिक नाच र सांस्कृतिक प्रस्तुतिसमेत प्रस्तुत गरिएको थियो । ***रासस***

---

**"अमेरिकी....** सदस्य केशेन्द्र कार्कीले क्रान्तिकारीहरूको सक्रियतामा समाजको परिवर्तन गर्न सम्भव हुन्छ भन्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य बखत थापाले सन् १९९८ मा ह्युगो चाभेजले विजय प्राप्त गरेको चर्चा गर्दै भेनेजुयलामा समाजवादी बन्दोबस्तअनुसार सबै जनतालाई सेवा सुविधा प्रदान गरेको प्रस्ट पार्नुभयो ।

नेपाल क्रान्तिकारी महिला सङ्घका बिन्दु वि.क.ले सञ्चालन गर्नुभएको उक्त अन्तरक्रियामा नेमकिपा चामुण्डा बिन्द्रासैनीका अध्यक्ष दीपक शाही, नेमकिपा वडा नं. ७ का अध्यक्ष शिवराज चौलागाई, जनप्रतिनिधि लवराज ढकाल, नेक्राशिसङ्घका हर्कबहादुर शाही र प्राध्यापक समाजका नगेन्द्र कार्कीले पनि बोल्नुभएको थियो ।


---

***मानवीय....***
ल्याउन र क्षेत्रमा शान्ति र स्थिरता कायम गर्न चरणबद्ध र योजनाबद्ध दृष्टिकोणले अघि बढ्न आग्रह गर्नुभएको छ ।

उहाँले कूटनीतिक र सैन्य प्रतिनिधिहरूका लागि संवाद र सञ्चारमा संलग्न हुन, समझदारी बढाउन र आपसी विश्वास स्थापना गर्न प्रत्यक्ष वार्ताले सहज बनाउने बताउनुभयो ।

वाङले भन्नुभयो, "चीनले आसियानलाई आफ्नो उचित भूमिका निर्वाह गर्न सहयोग गर्नेछ र युद्धविरामको अनुगमनका लागि आसियान अवलोकन मिसनलाई सहयोग गर्न तयार छ ।


## हार्दिक श्रद्धाञ्जली



जन्म
१९९९/८/१९

स्वर्गारोहण
२०८२/९/११

श्री बाराही अजिमा भेटघाट समूहका सदस्य राधाकृष्ण सुवालकी ममतामयी माता **कान्छी सुवाल**को दु:खद निधन भएको आज चौथो दिन (लक्च) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनी कामना गर्दछौँ ।

**श्री बाराही अजिमा भेटघाट समूह**

रोशन प्रजापति
बद्रीप्रसाद अवाल
नारायणसुन्दर सुवाल
तुल्सी खर्बुजा
राजेन्द्र नायोभारी

गणेश रंजित
बद्रीप्रसाद प्रजापति
अर्जुन पक्कानेवार
भक्तसुन्दर अवाल
विकास सुवाल

कविन्द्र त्वायना
श्रीजन अवाल
बाबुराजा ह्योम्बा
केशव शील्पकार

## सङ्क्षिप्त समाचार

## चिसोले महोत्तरीका विद्यालय बन्द

जलेश्वर (महोत्तरी), १३ पुस । अत्यधिक जाडो भएपछि महोत्तरीका स्थानीय तहले विद्यालय बन्दको घोषणा गरेका छन् । निरन्तरको चिसो हावा, शीतलहर, बाक्लो कुहिरो र हुस्सुले जनजीवन प्रभावित हुन थालेपछि महोत्तरीका १५ वटै स्थानीय तहले विद्यालय बिदा दिने निर्णय गरेका हुन् ।

स्थानीय तहले बर्खे बिदाबाट कटौती हुनेगरी हाललाई दुईदेखि तीन दिन बिदाको घोषणा गरेका छन् । स्थानीय तहले विज्ञप्ति जारी गर्दै विद्यालयमा अध्ययनरत बालबालिका अत्यधिक जाडोका कारण प्रभावित हुन थालेको जनाउँदै नगरभित्रका विद्यालयमा पठनपाठन बन्द गराएका छन् ।

तराई-मधेसमा विगत केही दिनदेखि शीतलहर र चिसो हावा चल्न थालेको छ । अत्यधिक जाडोका कारण बालबालिका र वृद्धवृद्धा बढी प्रभावित भएका छन् । *रासस*

## नेपालगन्ज नाकाबाट जडीबुटी निर्यात बढ्यो

राँझा (बाँके), १३ पुस । चालु आर्थिक वर्षमा नेपालगन्ज नाकाबाट जडीबुटी निर्यात बढेको छ । नेपालगन्ज भन्सार कार्यालयका सूचना अधिकारी पवित्रकुमार खड्काका अनुसार मङ्सिर मसान्तसम्म नेपालगन्जबाट रु. २५ करोडभन्दा बढीको जडीबुटी निर्यात भएको छ ।

सूचना अधिकारी खड्काका अनुसार उक्त अवधिमा रु. २५ करोड २६ हजार बराबरको विभिन्न प्रकारका आठ लाख ४१ हजार ३३८ केजी जडीबुटी निर्यात भएका छन् । जुन गत वर्षको सोही अवधिको तुलनामा रु. १० करोडभन्दा बढी हो । गत आवको सोही अवधिमा रु. १४ करोड ६२ लाख ७९ हजारको जडीबुटी निर्यात भएको थियो ।

नेपालगन्ज नाकाबाट विशेषगरी टिमुर, काउलो, सतुवा, बोझो, दालचिनी, अमलालगायत जडीबुटी निर्यात हुने गरेको छ । नेपालगन्जबाट ८५ प्रतिशत जडीबुटी भारत निकासी हुने गरेको नेपालगन्जस्थित जडीबुटी व्यवसायी सङ्घका अध्यक्ष टङ्क शर्माले बताउनुभयो । पछिल्लो केही वर्षमा जडीबुटी निर्यात पुन: बढेको उहाँको भनाइ छ ।

उहाँका अनुसार, हिमाली जिल्लामा जडीबुटी सङ्कलन इजाजत र छुट पुर्जी लिन सदरमुकाम जानुपर्ने झन्झट छ । साना व्यवसायीले जडीबुटी ओसारपसार गर्न नसक्ने अवस्था छ । पहिचान भइसकेका जडीबुटी प्लान्ट क्वारेन्टाइनमा सूचीकृत नहुँदा विदेश निर्यातमा समस्या हुने गरेको उहाँको भनाइ छ । *रासस*

## काँकडभिट्टा नाकाबाट सबैभन्दा बढी अलैंची निर्यात

झापा, १३ पुस । चालु आर्थिक वर्षको पहिलो पाँच महिनामा काँकडभिट्टा नाकाबाट सबैभन्दा बढी निर्यात हुनेमा अलैंची शीर्ष स्थानमा छ । कार्यालयका सूचना अधिकारी ईश्वरकुमार हुमागाईंका अनुसार उक्त अवधिमा रु. पाँच अर्ब ५३ करोड ३२ लाख ४९ हजारको अलैंची भारततर्फ निर्यात भएको छ ।

कार्यालयका अनुसार उक्त अवधिमा रु. एक अर्ब ८५ करोड ६२ लाख सात हजारको चिया र रु. ८३ करोड ७० लाख ८६ हजारको प्लाइउड निर्यात भएको छ । साथै रु. ४८ करोड ५२ लाख ७३ हजारको छुपी, रु. ४४ करोड ९९ लाख ११ हजारको भेनियर सिट, रु. ३७ करोड ४५ लाख ३८ हजारको अदुवा र सुठो, रु. ३० करोड ४१ लाख ४९ हजारको अम्रिसो र रु. ११ करोड ३१ लाख ९१ हजार मूल्य बराबरको काउली र बन्दागोपी निर्यात भएको छ ।

साथै, रु. नौ करोड १२ लाख ८७ हजारको मुसुरो र रु. तीन करोड ७८ लाख ८३ हजार मूल्य बराबरको फलामे पाता पनि निर्यात भएको भन्सारले जनाएको छ । *रासस*


## चिसो बढेपछि बालबालिका र वृद्धवृद्धा प्रभावित

गाईघाट (उदयपुर), १३ पुस । शीतलहरसँगै अत्यधिक चिसोबाट जिल्लाको त्रियुगा नगरपालिकासहित आपपासका वृद्धवृद्धा र बालबालिका प्रभावित भएका छन् । त्रियुगाको जोगीदह, मोथ्याई, बगाहा, गाईघाट, लक्ष्मीपुर क्षेत्रका वृद्धवृद्धा बालबालिका समस्यामा परेका लक्ष्मीपुरका स्थानीयवासी देवलाल चौधरीले बताउनुभयो । जोगीदह हाडखोलाका कृष्णदेव चौधरी भन्नुहुन्छ, "तीन दिनदेखि लगातार शीतलहर चलिरहेको छ, गाउँघरका बूढापाका सबै घर बाहिर निस्कन सकेका छैनन्, घरमै घुर तापेर बस्नु परेको छ ।"

उहाँका अनुसार चिसो बढेका कारण आफूहरू पनि खेतबारी, वनजङ्गल घाँसदाउरा गर्नसमेत नसकिएको कारण गाईवस्तुलाई घाँस समस्या परेको छ । चिसोको कारण विद्यालय जाने साना नानीहरू विद्यालय जान नसकेका मोथ्याईका रामकृष्ण राजधामीले बताउनुभयो ।

सत्यदेवी मावि भुल्केका शिक्षिका सम्झना आचार्यका अनुसार चिसो बढेसँगै विद्यालयमा कक्षा ५ भन्दा मुनिका नानीहरूको उपस्थिति न्यून हुँदै गएको छ । यस्तै चिसोको कारण साना कक्षा १, २, ३ मा अध्ययनरत बालबालिका विद्यालय उपस्थित हुन छाडेका कारण साना कक्षामा विद्यार्थी उपस्थिति हुन छाडेको जनता आधारभूत विद्यालय असारीका शिक्षक कृष्ण दनुवारले बताउनुभयो ।


चिसोको कारण मानिसको आवत जावतमा कमी भएको छ भने जङ्गल घाँसदाउरा जाने कार्य पनि प्रभावित भएको छ । घामसमेत देख्न नपाइएको त्रियुगा नगरपालिका-२ खैजनपुरका स्थानीय रमेश कार्कीले गुनासो गर्नुभयो । *रासस*



**स्याउको सुकुटी**
मुस्ताङको घरपझोङ गाउँपालिका-२ स्थित मार्फा गाउँका स्थानीय व्यवसायी धनप्रकाश हिराचनको उद्योगमा सुकाइएको स्याउको सुकुटी । स्याउको सुकुटी मुस्ताङ घुम्न आउने आन्तरिक तथा बाह्य पर्यटकलाई बिक्री गरिन्छ । *तस्विर: सुशीलबाबु थकाली/रासस*

# तामाखानी उत्खननका लागि पुन: अध्ययन थालिएपछि मच्छिमवासी उत्साहित

म्याग्दी, १३ पुस । पाँच दशकदेखि बन्द अवस्थामा रहेको तामाखानी उत्खननका लागि अध्ययन थालिएपछि म्याग्दीको धवलागिरि गाउँपालिका-७ मच्छिमका बासिन्दा उत्साहित भएका छन् । खानी तथा भूगर्भ विभागबाट अनुमति लिएको कम्पनी एमएस दोड्यी मिनरल्स प्रालिले मच्छिमको तामाखानीको खोजतलास तथा उत्खननका लागि पुन: अध्ययन थालेको हो । मच्छिम गाउँदेखि नजिकै रहेको पाखोमा छ ठाउँमा रहेका तामाखानी पाँच दशकदेखि बन्द अवस्थामा छन् ।



धवलागिरि गाउँपालिका-७ का वडाध्यक्ष अशोक खत्रीले भूगर्भविद्हरूको टोली खानीमा तामाको मात्रा पहिचानका लागि अध्ययनका लागि आएका बताउनुभयो । तामाखानी अध्ययनका लागि मच्छिम हुँदै गाउँपालिकाको केन्द्र मुना जोड्ने मुख्य सडकदेखि तामाखानी जोड्ने पहुँचमार्ग निर्माण गरिसकेका छन् ।

खानीको खोजतलास र सम्भाव्यता अध्ययन गरेपछि अर्को चरणमा उत्खननको प्रक्रिया अघि बढाइने वडाध्यक्ष खत्रीले बताउनुभयो । खानी उत्खननका लागि अध्ययन थालिएकामा मच्छिमवासीमा खुसीयाली छाएको स्थानीय अगुवा चन्द्रबहादुर छन्त्यालले बताउनुभयो ।

उहाँका अनुसार मच्छिमको खानीबाट २०२८ सालसम्म स्थानीय प्रविधिको प्रयोग गरेर तामा निकाल्ने गरिन्थ्यो । प्रविधिको अभाव र आम्दानीभन्दा बढी राज्यलाई कर तिर्नुपर्ने अवस्था आएपछि त्यसबेला तामाखानी बन्द भएको छन्त्यालले बताउनुभयो ।

तामा खानी उत्खननका लागि आएका छन्त्याल समुदायले मच्छिममा बस्ती बसाएको इतिहास छ । छन्त्याल समुदायको पुर्ख्यौली पेसा खानी खन्ने हो । त्यहाँ अझैसम्म पनि तामाका धाउहरू देख्न सकिन्छ । तामाखानीको सुरुङ छन् । पहाडमा तामा रसाएको देख्न सकिन्छ ।

स्थानीयवासीले त्यही सुरुङबाट भित्र छिरेर घन, छिनोको प्रयोग गरेर तामा निकाल्ने गरेका थिए । उक्त खानीबाट निकालेको तामाबाट गाग्री, टाउलो, माना, पाथी, गिलासलगायत भाँडा तयार पार्ने गरिन्थ्यो । खानीको तामाले बनाएका भाँडा स्थानीयले घरमा सजाएर राखेका छन् ।

वातावरणीय र विपद्जन्य घटना हुन नदिन सतर्कता अपनाउन तथा रोजगारीमा प्रभावितलाई प्राथमिकता दिनुपर्ने मच्छिमका बासिन्दा कुलबहादुर छन्त्यालले बताउनुभयो । उक्त कम्पनीले मालिका गाउँपालिकाको ओखरबोट तामाखानीमा पनि सम्भाव्यता अध्ययन गरिरहेको छ । खानी तथा भूगर्भ विभागका अनुसार म्याग्दीमा तामा, फलाम, क्वार्ज, कप्रक, चुनढुङ्गा, खरिढुङ्गा, स्लेटढुङ्गा, मार्बल र तातोपानीका मुहानहरू (हटस्पिङ) पाइन्छन् ।

जिल्लामा बढी पाइने खनिज पदार्थमा तामा प्रमुख हो । मच्छिमको साथै धवलागिरिको गुर्जा र मल्कवाङ, रघुगङ्गाको ठाडाखानी, कुइनेखानी र मङ्गलेखानीमा तामाखानी छन् । धवलागिरिको नर्जा, मालिकाको रुम, डाँडागाउँ, निस्कोटमा स्लेट ढुङ्गा खानी छन् । *रासस*

# एक करोड ८९ लाख मतदाताले छान्नेछन् प्रतिनिधिसभा सदस्य

काठमाडौँ, १३ पुस । आगामी फागुन २१ गतेका लागि तय भएको प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि एक करोड ८९ लाख तीन हजार ६८९ मतदाता समावेश हुने भएका छन् । निर्वाचन आयोगले अन्तिम मतदाता नामावली प्रकाशन गरी सो विवरणको जानकारी दिएको हो ।

प्रकाशित अन्तिम नामावलीअनुसार ९६ लाख ६३ हजार ३५८ पुरुष, ९२ लाख ४० हजार १३१ महिला र अन्य दुई सय मतदाता समावेश छन् । सम्बन्धित मतदाताले मतदाता नामावलीमा आफ्नो नाम हेर्न सक्नेगरी अन्तिम मतदाता नामावली आयोगको वेबसाइटमा समेत प्रकाशन गरिएको छ ।

मतदाता नामावली ऐन, २०७३ को दफा २० बमोजिम आयोगले शनिबार अन्तिम मतदाता नामावली प्रकाशन गर्ने निर्णय गरेको प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिनुभयो । आयोगका अनुसार आगामी फागुन २० गतेसम्म १८ वर्ष उमेर पूरा हुने नागरिकको विवरणलाई समेत अद्यावधिक गरी अन्तिम मतदाता नामावली प्रकाशन गरिएको छ ।

विसं २०७९ मा सम्पन्न भएको प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदय निर्वाचनमा पुरुष ९१ लाख ४० हजार ८०६, महिला ८८ लाख ४७ हजार ५७९ र अन्य एक सय ८५ गरी कुल मतदाताको सङ्ख्या एक करोड ७९ लाख ८८ हजार ५७० रहेको थियो । विसं २०७९ को तुलनामा २०८२ मा कुल मतदाताको सङ्ख्या नौ लाख १५ हजार ११९ ले वृद्धि भएको छ । पुरुष मतदाताको सङ्ख्या पाँच लाख २२ हजार ५५२, महिला मतदाताको सङ्ख्या तीन लाख ९२ हजार ५५२ र अन्य मतदाताको सङ्ख्या १५ ले वृद्धि भएको आयोगले जनाएको छ ।

अन्तिम मतदाता नामावलीमा नाम समावेश भएका मतदातालाई मतदान गर्नका लागि देशभर १० हजार ९६७ मतदातास्थलमा २३ हजार ११२ मतदान केन्द्र निर्धारण गरिएको छ । यो निर्वाचनमा २०७९ सालको कुल मतदानस्थलको सङ्ख्याभन्दा ७५ वटा बढी निर्धारण गरिएको छ । कुल मतदान केन्द्रको सङ्ख्या आठ सय ८५ वृद्धि भएको छ । *रासस*

# आगामी माघमा चितवनमा अन्तर्राष्ट्रिय डेरी एक्स्पो

चितवन, १३ पुस । चितवन जिल्ला दुग्ध उत्पादक सहकारी सङ्घ र चितवन उद्योग सङ्घको संयुक्त आयोजनामा आगामी माघ २५ गतेदेखि अन्तर्राष्ट्रिय डेरी एक्स्पो, २०८२ आयोजन हुने भएको छ ।

सहकारी सङ्घका अध्यक्ष किशोर बगालेका अनुसार डेरी उत्पादन, प्रक्रिया र वितरण प्रणालीका नवीनतम प्रविधि तथा अभ्यासलाई प्रोत्साहन गर्न, किसान, उद्योगी र व्यापारीलाई एकै ठाउँमा ल्याउन एक्स्पो गर्न लागिएको हो ।

सङ्घले गत वर्ष पनि डेरी एक्स्पो आयोजना गरेको थियो । अध्यक्ष बगालेका अनुसार एक्स्पोमा भारतीय व्यवसायीहरूको पनि सहभागिता रहनेछ । गत वर्षको एक्स्पोपछि चितवनमा पहिलेको तुलनामा हाल १५ हजार लिटरभन्दा बढी अर्थात् दैनिक एक लाख ६५ हजार लिटर दूध खपत हुँदै आएको छ ।

जिल्लामा हाल ११५ वटा सहकारीबाट दैनिक तीन लाख ५० हजार लिटर दूध सङ्कलन हुँदै आएको छ । दुग्धजन्य उत्पादनमध्ये कच्चा दूध र नौनीको जिल्लामा खपत बढेको सङ्घको भनाइ छ । एक्स्पोले दुग्धजन्य उत्पादनको विविधीकरणमा सहयोग पुगेको सङ्घको विश्वास छ । *रासस*

। सम्पादकीय ।

# देशको निम्ति खतरा र चिन्ता विदेशी चलखेल हो

देशमा सरकारलाई स्थिरता दिन नसक्नुका अनेक कारणमध्ये शासकहरू पद, पैसा र भागबन्डामा फस्नु पनि हो । पद, पैसा र भागबन्डामा अन्तर्द्वन्द्व भएरै एमालेबाट माओवादी र एकीकृत समाजवादी टुक्रिएको थियो । सिद्धान्त र विचार नमिली एकता गर्नु पनि अर्को कारण हो । अहिले केही दलहरू मिलेर नेपाली कम्युनिस्ट पार्टी बन्दा पनि असन्तोष भएर अर्कै दल बनेका छन् । निर्वाचन प्रयोजनको निम्ति कुन कुन नयाँ दल गठन भयो, कुन कुन दलबिच एकता भयो भन्दा पनि कुन दलले कुन वर्गका जनताको प्रतिनिधित्व गर्छ या कसको पक्षमा राजनीति गर्छ या सङ्घर्ष गर्छ भन्ने कुरा महत्त्वपूर्ण हो । पछिल्लो पटक रवि लामिछानेले नेतृत्व गरेको राष्ट्रिय स्वतन्त्र पार्टी, काठमाडौँ महानगरपालिकाका मेय बालेन्द्र साह र ऊर्जामन्त्री कुलमान घिसिङ संरक्षक रहेको उज्यालो नेपाल पार्टीबिच एकताको प्रसङ्ग सञ्चारमाध्यममा आएको छ । एकताको प्रसङ्ग भागबन्डासित सम्बन्धित छ । भागबन्डा नमिलेकै कारण 'रवि-बालेन-कुलमान एकता अलमलमा' परेको समाचार छापिएको छ । पार्टी सभापति रवि लामिछाने हुने, पार्टीको नाम रास्वपा रहने र पार्टीको चुनाव चिह्न घण्टा नै हुने भनिएपछि हाम्रो के भन्ने कुलमानको तर्कले वार्ता सफल नभएको जानकारी प्रकाशमा आयो । कुलमानको प्रधानमन्त्री बन्ने योजनामा धक्का पुगेको भनी वार्ता प्रक्रिया अघि नबढेको स्रोतको दाबी छ ।

बालेनको प्रस्तावमा ५०/५० प्रतिशतको शक्ति बाँडफाँट थियो । यसमा रास्वपा अमान्य रह्यो । कुलमानको प्रधानमन्त्री बन्ने योजना थियो । प्रतिनिधिसभाको निर्वाचन होला कि नहोला भन्नेबारे संशय भइरहेको बेला, निर्वाचन र निर्वाचनको परिणाम के हुने हो कुनै टुङ्गो नलाग्दै अहिले नै प्रधानमन्त्री हुने सपना नानी पाउने कहिले कहिले भोटो सिउने पहिलेभैँ भएन र ? उनीहरूको वार्ता र वार्ताको विषयलाई राजनीतिक विश्लेषक र राजनीतिज्ञहरूले फेरि जनतामाझ हल्ला गरेर जनताको मत भाड्ने काम गर्न थालेको टिप्पणी गर्न थालेका छन् । विगतका शासकहरूले पैसाको राजनीति गरेर, झूटको खेती गरेर, असैद्धान्तिक गठबन्धन र भागबन्डा गरेर श्रमजीवीमाथि शासन गरे । अहिले नयाँ र नयाँ दलको रूपमा देखिएका दलका नेताहरू सिद्धान्त र विचारको राजनीति नगरी हल्ला पिट्दै जनताको मत आफूतिर तान्ने प्रयास गर्दै छन् । एकता र गठबन्धनको हल्ला पिटेर जनताको मत लिने प्रयास पनि ठीक होइन । भ्रष्टाचारको विरोध गर्दैमा कुनै दलले जनताको भावना बुझेर देशको नेतृत्व गर्नसक्छ भन्ने होइन । विगतमा शासक दलका नेताहरूले पनि भ्रष्टाचारको विरोध नगरेका होइनन् । तर, उनीहरू नै भ्रष्टाचार र अनियमिततामा फसे, फसेका छन् ।

अहिले देशको निम्ति खतरा र चिन्ता विदेशी चलखेल हो; नेपाली भूमिमा छिरेर नेपालीलाई नै उपयोग गरेर या अगाडि सारेर विदेशी तत्त्वहरूले अराजनीतिक, उच्छृङ्खल, तोडफोड र आगजनी गर्ने काम सामान्य होइन । कुन विदेशी शक्ति राष्ट्रले चलखेल गरिरहेको छ भन्ने कुरा अहिले विभिन्न सूचना प्रकाशमा आउँदै छ । देशमा विदेशी शक्ति राष्ट्रले नेपालको खरबौँ बराबरको सम्पत्ति खरानी पार्ने काम गरिसकेको छ । त्यत्रो ठुलो सम्पत्ति एक समयमा देशभर आगो लगाएर खरानी पार्ने काम कुनै सच्चा या देशभक्त नेपालीले गर्नै सक्दैन र गर्दैन पनि । यी विदेशी शक्तिको पछाडि देशमा कुन कुन नेता, कार्यकर्ता या व्यक्तिहरू संलग्न छन् ? सोको सरकारले थाहा पाउनुपर्छ; थाहा दिन जनतालाई सुसूचित पार्नुपर्छ । के देशको गुप्तचर विभाग निष्कृय भएको हो ? कि गुप्तचर विभाग नै विदेशी शक्ति राष्ट्रसामु फसेको हो ? नेपाली जनता बेलैमा सचेत भएनन् भने, देशको राजनीतिलाई बुझेर मतदान गरेनन् भने विदेशी चलखेल बढ्ने मात्र होइन हस्तक्षेप हुन बेर लाग्दैन । त्यसबेला नेपाल र नेपालीको अस्तित्व कहाँ पुग्ला ? देशको स्वाधीनता र सार्वभौमिकतामा आँच कसरी नपुग्ला ?

जनता अब कसैको लहैलहैमा लाग्नु हुँदैन; कसैको लोभलालचमा फस्नु हुँदैन । सिद्धान्त र विचार नबुझी, दलले देश र जनताको विश्वास जित्ने कामको सुरू नगर्दै जनताले आँखा चिम्लेर मतदान गर्नुहुँदैन । त्यसो त देशमा पहिलेदेखि अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादको दबाब, हस्तक्षेप र अतिक्रमण नभएको होइन । भारतले नेपाली भूमि मिचेकै हो, अतिक्रमण गरेकै हो । संरा अमेरिकाले एमसीसी सम्झौता पारित गरेर देशमा चलखेल गर्ने मौका पाएकै हो । यस कार्यमा त्यसबेलाका शासकहरू चुकेकै छन् । जेन-जीको भदौ २४ गतेको आन्दोलन अमेरिकाको संलग्नता रहेको सूचना सार्वजनिक हुँदै छ ।

भूमिमा पाइला टेकेर प्रत्यक्ष या अप्रत्यक्ष रूपमा देशको राजनीति बुझ्ने, नेपाली जनतालाई उपयोग गर्न अवसर दिने शासकहरू यसका जिम्मेदार हुन् । विकास र आर्थिक सहयोगको नाउँमा विदेशीहरूलाई नेपाल भित्र्याउने शासकहरूको अदूरदर्शिताको कारण देशमा सङ्कटको स्थिति देखिएको हो । विदेशी चलखेल देशको निम्ति खतरनाक विषय हो । अत: अबको निर्वाचनमा जनता एकदम सचेत हुनुपर्छ; सचेत भएर देश र जनताको इमानदारीपूर्वक राजनीति गर्ने दल र दलका नेताहरूलाई मतदान गरेर जिताउनुपर्छ । नत्र देशमा नेपाल र नेपाली जनताले नसोचेको दिन आउन बेर लाग्दैन ।

# निर्वाचनसम्बन्धी ऐन, आयोगको निर्देशिका र चुनावी सरकार

✍ **प्रतिष्ठा**

आगामी फागुन २१ गते प्रतिनिधिसभा सदस्यको निर्वाचन हुँदै छ । निर्वाचन आयोगले २७५ जना प्रतिनिधिसभा सदस्यमध्ये ११० जना समानुपातिक सदस्य निर्वाचनको निर्देशिका, २०८२ (दोस्रो संशोधन) पुस ७ गते जारी गऱ्यो ।

नेपालको जनसङ्ख्या २०७८ अनुसार राजनीतिक दलहरूले खस आर्य ३०.२८ प्रतिशत (३३ जना), आदिवासी जनजाति २८.७२ प्रतिशत (३२ जना), मधेसी १६.१५ प्रतिशत (१८ जना), दलित १३.४४ प्रतिशत (१५ जना), थारु ६.५३ प्रतिशत (७ जना) र मुस्लिम ४.८९ प्रतिशत (५ जना) उम्मेदवारी दिनुपर्नेछ । यससम्बन्धी व्यवस्था निर्देशिकाको दफा १३ (३) (क) मा उल्लेख छ ।

कूल ११० समानुपातिक सदस्यमध्ये दफा १३ (३) (ख) मा प्रत्येक समूहबाट कम्तीमा पचास प्रतिशत महिलाको नाम समावेश गर्नुपर्ने, दफा १३ (३) (ग) मा कम्तीमा चार दशमलव शून्य दुई (४.०२) प्रतिशत पिछडिएको क्षेत्र (अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बाजुरा, मुगु र हुम्ला जिल्ला) बाट हुनुपर्ने र दफा १३ (३) (घ) मा कम्तीमा एकजना अपाङ्ग व्यक्तिको नाम उल्लेख गर्नुपर्ने व्यवस्था छ ।

दफा २ (थ) मा समावेशी समूह भन्नाले 'महिला समुदाय' पनि सम्झनुपर्ने उल्लेख छ । महिला आफै 'समावेशी समूह' होइन बरु हरेक समावेशी समूहमा पचास प्रतिशत महिला उम्मेदवार हुनु अनिवार्य हो ।

निर्देशिकाको दफा १३ (३) (क) मा समावेशी समूहको (१) मा दलित १३.४४ प्रतिशत, (२) मा आदिवासी जनजाति २८.७२ प्रतिशत, (३) मा खसआर्य ३०.२८ प्रतिशत, (४) मा मधेसी १६.१५ प्रतिशत, (५) मा थारु ६.५२ प्रतिशत र (६) मा मुस्लिम ४.८९ प्रतिशत उल्लेख छ ।

आयोगले निर्देशिकामा समावेशी समूहको बढी वा कम प्रतिशतबाट क्रमश: उल्लेख गर्नु उपयुक्त हुने हो । (१) मा दलित समूह उल्लेख छ तर यसको प्रतिशत क्रम चौथो स्थानमा पर्छ । सबैभन्दा बढी प्रतिशत भएको खसआर्य समूह तेस्रो स्थानमा राखिएको छ । निर्देशिका अध्ययन गर्दा दलितलाई प्राथमिकता दिइएको र खसआर्यलाई कम प्राथमिकता दिइएको भ्रम हुन्छ, यथार्थमा खसआर्यकै प्रतिशत बढी हो ।

नेपालको बहुसांस्कृतिक समाजलाई मनन गरी मुस्लिम, थारु, दलित, मधेसी, आदिवासी जनजाति र खसआर्य गरी ६ समूह विभाजन गरिएको एक हदसम्म उपयुक्त हो । तर, सरकारले दलित, आदिवासी जनजाति, मुस्लिम, मधेसी महिलाको राजनीतिक चेतना र शिक्षामा ध्यान दिएको छैन ।

पृथ्वीनारायण शाहको काठमाडौँ उपत्यकामा आक्रमण र कब्जायता अवसरबाट वञ्चित पारिएका दलित, आदिवासी जनजाति, मधेसी, थारु, मुस्लिम समूहका अधिकांश जनता विद्यालय र विश्वविद्यालय शिक्षाबाट वञ्चित छन् । नेपालका सामन्त र पुँजीपति वर्गले यी समूहलाई अहिले पनि अवसर दिएका छैनन् र दिने पनि छैनन् । यसअघि सङ्घ, प्रदेश र स्थानीय तहमा यो समूहका प्रत्यक्ष निर्वाचनका उम्मेदवारहरू निकै कममात्र निर्वाचित भइरहेका छन् । यो यथार्थलाई अघिल्लो निर्वाचन सरकार र निर्वाचन आयोगले ध्यान दिएनन् भने यस पटकको निर्वाचन सरकार र निर्वाचन आयोगले पनि ध्यान दिएनन् । समानुपातिक निर्वाचन प्रणालीअनुसार उम्मेदवार छनोट हुन तीन प्रतिशतको मत र एउटा क्षेत्रमा प्रत्यक्ष उम्मेदवार जित्नुपर्ने निर्दलीय र संविधानविपरीतको व्यवस्था हटाउनु पर्दछ । अन्तरिम सरकारमा प्रतिनिधित्व गरेका मधेसी, दलित, आदिवासी जनजातिका मन्त्रीहरू यसतर्फ सचेत हुन सकेनन् अर्थात् 'गाँसेगुसे एकै नासे' भयो ।

# स्वतन्त्रताको संसारमा पत्रकारिताको शक्ति

✍ **जेम्स रोडर्गस**

वर्ष २०२५ पनि पत्रकारको हत्या शृङ्खलामा अर्को डरलाग्दो वर्ष बन्यो । २०२४ मा कमिटी टु प्रोटेक्ट जर्नालिस्ट (सिपिजे) ले १२६ पत्रकार र मिडियाकर्मी मारिएको रेकर्ड राखेको थियो, जुन १९९२ मा सिपिजेले पहिलोपटक रेकर्ड राख्न थालेदेखिको सबैभन्दा उच्च सङ्ख्या हो । एउटा देश प्यालेस्टिनीले अहिलेसम्मकै उच्च मूल्य चुकाएको छ । '२०२३ मा इजरायल-गाजा युद्ध सुरु भएदेखि इजरायलले लगभग २५० पत्रकारको हत्या गरेको छ,' सिपिजेको रिपोर्टमा उल्लेख छ ।

अमेरिकाको प्रारम्भिक वर्ष र १९ औँ शताब्दीको युरोपेली क्रान्तिमार्फत सूचना र स्वतन्त्रता जोडिएको छ । १७८७ मा थोमस जेफरसनले लेखेका थिए, "यदि हामीसँग अखबारबिनाको सरकार हुनुपर्छ कि सरकारविनाको अखबार हुनुपर्छ भन्ने निर्णय गर्ने अधिकार मलाई दिइएमा पछिल्लोलाई प्राथमिकता दिन एक क्षण पनि हिच्किचाउनुहुँदैन ।"

आज, हामीसँग मानव इतिहासको कुनै पनि समयभन्दा धेरै मिडियामा पहुँच छ । तर, यो विशाल जानकारीको अर्थ बढी भरपर्दो छ भन्नेचाहिँ होइन । सन्देश नियन्त्रण गर्न सरकार र प्राविधिक कम्पनी प्राय: सफल हुन्छन् । इजरायलले अन्तर्राष्ट्रिय पत्रकारलाई गाजामा प्रवेश गर्न प्रतिबन्ध लगाएको छ । प्यालेस्टिनी पत्रकारले ठुलो जोखिम मोलेर युद्ध क्षेत्रबाट रिपोर्ट जारी राखेका छन् । यसैबिच रुसले युक्रेनमा आफ्नो 'विशेष सैन्य अप्रेसन' (एक शब्दमा भन्नुपर्दा युद्ध) को रिपोर्ट गर्न प्रतिबन्ध लगाएको छ ।

एक पुस्ताअघि जब सिपिजेले पहिलोपटक पत्रकारहरूको मृत्युको तथ्याङ्क राख्न थाल्यो, यो अवस्था फरक थियो । बर्लिन पर्खालको पतन र शीतयुद्धको अन्त्यले अन्तर्राष्ट्रिय मिडिया संस्थालाई पूर्वसोभियत ब्लकमा पहिले कहिल्यै नभएको रूपमा काम गर्न स्वतन्त्रता दियो । ती देशले राजनीतिक परिवर्तन अँगालेपछि, तिनले आफ्नो नयाँ समाजभित्र स्वतन्त्र मिडियालाई फस्टाउन प्रोत्साहित गरे । साँचो हो, यी मिडिया प्राय: राजनीतिक र व्यावसायिक स्वार्थबाट प्रभावित थिए । समाचार माध्यम विशेषगरी प्रभावित हुन्छन् नै ।

१९९० को दशक प्रेस स्वतन्त्रताको समयका रूपमा अपूर्ण भए पनि त्यसपछिको भन्दा राम्रो थियो । मिडिया शिक्षाविद् र पूर्वविदेशी संवाददाता पिटर ग्रेस्टेले दृढतापूर्वक तर्क गरेझैँ ९/११ को परिणामस्वरूप राज्य शक्ति 'सूचना र विचारमाथि नियन्त्रण गर्न विस्तार गरिएको थियो । तिनले 'आतङ्कवाद' र 'राष्ट्रिय सुरक्षा' के हो भन्ने परिभाषालाई हटाएर' त्यसो गरे ।

२०१३ को अन्त्यमा दुई सहकर्मी मोहम्मद फदेल फाहमी र बहेर मोहम्मदसँगै उनलाई आतङ्कवादको आरोपमा इजिप्टमा हिरासतमा लिइयो । उनले ४०० दिन जेलमा बिताए । आरोपहरू उनले आफ्नो रिपोर्टिङको अंशका रूपमा मुस्लिम ब्रदरहुडसँग कुरा गरेको तथ्यबाट उत्पन्न भएको थियो । 'तपाईंले इजिप्टको चलिरहेको राजनीतिक सङ्घर्षमा संलग्न सबैसँग कुरा नगरी कसरी सही र निष्पक्ष रूपमा रिपोर्ट गर्नुहुन्छ ?' उनले त्यस समयमा लेखेका थिए ।




**सूचनामा पहुँच**

सरकारले मिडियालाई नियन्त्रण गर्न खोज्नु नयाँ विषय होइन । नयाँ के हो भने अमेरिकाले तिनीहरूमध्ये निकै गर्वसाथ नियन्त्रण गरिरहेको छ । जेफरसनलाई हालको अमेरिकी सरकारले गरिरहेको काम सायद मन नपर्न सक्छ, विशेषगरी रिपोर्टरका लागि पेन्टागनमा पहुँच प्रतिबन्ध लगाउने हालको नीति । सरकार र अखबारको सापेक्षिक गुणबारे जेफरसनको छलफलपछिका शब्द सम्झनामा कम छन् । हामीसँग धेरैभन्दा धेरै मिडिया भए पनि मिडिया स्वतन्त्रता धेरै कम छ । आमसञ्चारको युगमा समाचार संस्थाले वितरणका माध्यमलाई धेरै हदसम्म नियन्त्रण गरेका छन् । आज, प्राविधिक कम्पनीले नेतृत्व लिन्छन् । सबैले 'पत्रपत्रिका' प्राप्त गरिरहेका छैनन् । जहाँ औपचारिकरूपमा सेन्सर गरिएका छैनन्, तिनलाई फेला पार्न गाऱ्हो छ ।

शक्तिशाली राजनीतिज्ञले विश्वसनीय समाचार संस्थालाई मौन बनाउन कानुनी कारबाही (त्यसको धम्की) प्रयोग गर्छन् । एक अन्तर्राष्ट्रिय संवाददाताका रूपमा मेरो अघिल्लो करियरमा मैले पूर्वसोभियत सङ्घ र मध्यपूर्वमा भएका युद्धबारे रिपोर्ट गर्थें । १९९० र २००० को दशकमा पत्रकारलाई अधिकांश सरकारले नराम्रो समाचार रिपोर्ट नगरोस् भनेर प्रतिबन्ध लगाएका थिए । तैपनि, अहिलेजस्तो प्रतिबन्ध बिरलै मात्र लगाइएको थियो ।

गाजा र रुसमा अन्तर्राष्ट्रिय पत्रकारले समाचार विवरणको रिपोर्ट गर्नैपर्ने ठाउँमा पहुँच पाउन सकेका छैनन् । दुवै अवस्थामा, ती देशका साहसी पत्रकारले के भइरहेको छ भनेर संसारलाई बताउन खतरा र मृत्युको पनि जोखिम उठाइरहेका छन् । आज पत्रकारमाथि लगाइएका प्रतिबन्धको अर्थ यो हुन सक्छ कि सरकारले यस समयमा जितिरहेका छन् । नियन्त्रण गर्ने उनीहरूको इच्छाले पत्रकारितामा अझै पनि चुनौती रहेको पुष्टि गर्छ ।

*(लेखक लन्डन विश्वविद्यालयको अन्तर्राष्ट्रिय पत्रकारिताका रिडर हुन् ।)*

***- द कन्भर्सेसनबाट***

# सुसंस्कृत समाज निर्माणमा विद्यालयको भूमिका

**नारायणमान बिजुक्छें (रोहित)**

साधारणतया नेपालजस्तो पीडित समाजमा जान्ने-बुझ्ने र समाजको भविष्यबारे चिन्तन गर्ने व्यक्तित्व थोरै हुन्छन् । यहाँ जान्ने-बुझ्ने व्यक्तिको अर्थ आ-आफ्ना पेसामा जानकार वा आफ्नो पेसाप्रति खप्पिसलाई भन्न खोजिएको होइन । संसारका सबै प्राचीन समाजमा सभ्यताको सुरुदेखि नै महादेशका विभिन्न देशहरूमा विभिन्न समय र प्रकारका सभ्यताको उत्थान र सोअनुसारको भौतिक प्रगति र आध्यात्मिक प्रगति हुँदै गयो भन्ने जानकारी राख्ने व्यक्तिहरूलाई भनिएको हो । आध्यात्मिक प्रगतिको अर्थ यहाँ धर्म, कला र संस्कृतिको उन्नतिबारे अल्झाउन खोजिएको होइन बरु वर्तमान युगमा भएका भीमकाय भौतिक प्रगतिमा विनाशका नयाँ-नयाँ वैज्ञानिक र प्राविधिक हतियारहरू तथा धर्मको नाममा एकले अर्को धर्मलाई अस्वीकार गर्ने र आफ्नो विचार तथा धर्मलाई फरक समाजमाथि लाद्न खोजेका समाज र सरकारको आलोचनात्मक दृष्टिकोण भएका व्यक्तिहरूप्रति इङ्गित छ । त्यसमा ठुलो धनराशि खर्च गर्दै हजारौं र लाखौं जनधनको क्षति गर्ने गरिन्छ ! महिला र बालबालिकाहरूलाई छानी-छानी हत्या गरी नयाँ पुस्तै आउन नदिई जातजातिलाई नै नष्ट गर्ने सोच र चिन्तनमा कुनै दृष्टिले पनि मानवीय परिवर्तन आइनसकेको एक मानव सभ्यता र संस्कृतिद्वेषी समाज, अमानवीय कार्य र सोचलाई सुसंस्कृत समाजको उपज भन्न गाऱ्हो हुन्छ । बरु, तत्तत् समाजका अनेक भौतिक र चिन्तनको प्रगतिमा देखिएका नकारात्मक पक्षको रूपमा जनतालाई सचेत पार्ने व्यक्तिहरूप्रति समाजको पहुँचको आवश्यकता खोजिएको हो ।

**मानव जातिको विकासमा**

मानव सभ्यताको विकासमा भूगोलको पनि ठुलो भूमिका होला । तर, मानिसको मस्तिष्क र मर्मले पनि अचेतन ढङ्गले नै भूमिका खेलेको हुन्छ । संसारमा सबै महादेशका सबै ठाउँमा एकै समयमा सभ्यताको विकास नभएको प्रस्टै छ । त्यसबेलाका मानिसहरूमा तत्तत् ठाउँका हावापानी, भौतिक वस्तु, भूभागको स्थितिले ठुलो निर्णय गरेको पत्ता लाग्छ । आगो पत्ता लागेपछि पशुपन्छी र माछाको आहारले मानिसको मस्तिष्कको विकासमा सहयोग पुगेको देखिन्छ । भर्खर जन्मेको शिशुको कोल्टे फेर्ने क्रिया, वामे सर्ने, टुकुटुकु हिँड्ने र आमासँग खेल्ने आदि सबै क्रियाकलापहरू शरीर विज्ञानले बताउने विषय भएजस्तै वाणको आविष्कार, काठको डुङ्गा बनाउने शिल्प र कुमालेका माटाका भाँडाकुँडा बनाउने चक्रको आविष्कार संसारका सबै सभ्यतामा देखिने उपलब्धिको समानता के आश्चर्यको विषय होइन ?

मानव सभ्यताका यी विस्मयका कार्यहरू एवम् आज अनेक देशमा भइरहेको उत्खनन् कार्यमा प्राप्त वस्तुहरूले मानव सभ्यताको विकास र प्रगतिले झन्झन् धेरै पहिलेतिरको यात्रा र अध्ययन गराउँदै जाने बताउँदै छन् । जसरी पुरातत्त्व विज्ञान अनुमान नभई भौतिक वस्तु र रासायनिक विज्ञानको सहाराले हिजोसम्म अज्ञात समय र विषयको सुरुङभित्र मानव समाजलाई अध्ययनको निम्ति तानिँदै छ ।

यही विषय अन्तरिक्ष र असीम ब्रह्माण्डतिर पनि मानिसलाई अत्यन्त विस्मयकारी प्रगतिहरू बताउँदै जानेछन् भन्ने अनुमान गर्न कठिन छैन । संसारमा आकाश, पाताल र महासागरहरूबारे नयाँ-नयाँ जानकारी र उपलब्धिहरू विध्वंसमा होइन मानव मात्रको सेवामा समर्पित हुने यान्त्रिक र हालैका आईटी उपलब्धिहरूलाई सकारात्मक प्रयोगबाट व्यक्ति र समाजलाई सभ्य र असभ्य ( बर्बर) को रूपमा भेदहरू प्रस्तुत गरिनेछ ।

भविष्यसँग सम्बन्धित विषयहरूका चिन्तक र कार्यरत जनशक्ति हाम्रो समाजले जति बढी उत्पादन गर्न सक्यो उति हाम्रो समाज सुसंस्कृत समाज देखिनेछ । स्वास्थ्य क्षेत्रका विशेषज्ञहरू र डाक्टरले रोगीहरूको सेवा र भविष्यमा हुने सम्भावित रोग र त्यसको निदान एवम् उपचारमा आफूहरूलाई समर्पित गर्ने होइन । त्यस क्षेत्रमा आवश्यक अनुसन्धान र चमत्कारहरू पनि देखाइँदै जाने हो । इन्जिनियरहरू समयअनुसार टिकाउ, हावापानी सुहाउँदो, किफायती निर्माणमा लाग्दै छन् भने नयाँ पुस्ता नयाँ-नयाँ विषय र आविष्कारमा लाग्दै जानेछन् ।

तर, ती नयाँ पुस्तालाई तयार गर्ने पाठशाला आज गुरु पुरोहितहरूको आश्रम र गुरुकुल होइनन् बरु साधारण जनताका विद्यालयहरू हुन् । जसरी राम्रा अक्षर लेख्ने शिक्षकका विद्यार्थीहरू सुलेख हुन्छन्, गीत सिकाउने शिक्षिकाका छात्रछात्राहरू गीत गाउनमा अब्बल देखापर्ने छन् भने अन्य विषयका शिक्षकहरूको उत्पादन पनि आफ्नै 'कार्बोनमा लेखिएका कापी' जस्तै त आउनेछन् दुरुस्त र अझ तिखारिएका !

हाम्रो विद्यालय र शिक्षकहरूको सिकाइको घेरा सरकारको खोटपूर्ण पाठ्यक्रम र परीक्षा प्रणालीमा छ । परीक्षा नै नलिई उत्तीर्णको प्रमाणपत्र दिने नीति पारित गर्ने मन्त्रीलाई किन शिक्षक र शिक्षिकाहरूले समयमै वैचारिक रूपमा जिम्मेवार ठहऱ्याएनन् ? त्यति मात्र होइन दुई/चार वर्षपछि मात्रै आउने पाठ्यपुस्तक वा ज्ञानसँग सम्बन्धित विषयमा हरेक शिक्षकले अध्ययन गरेर आजका नयाँ पुस्तालाई जानकारी दिनु अत्यन्त समय सुहाउँदो हुनेबारे दुईमत नहोला । अर्को भाषामा भन्नुपर्दा - पाठ्यपुस्तकमा नभएको भूगोल, इतिहास, अर्थशास्त्र, समाजशास्त्र आदि विषयमा तल्लो कक्षाबाटै जानकारी गराउनुपर्ने हो । प्रचलित ऐन र कानुन थाहा नपाएर धेरै युवाहरू कारागारमा छन् । विभिन्न जातजातिका सबै युवाहरूले 'नेपाली भाषा' राम्रो जानेका र बुझेका हुँदैनन् । यसकारण, हरेक शिक्षकले आफ्नो मातृभाषा र 'सरकारी भाषा' बाहेक नेपालमा जनताले बोल्ने अन्य एउटा भाषा सिक्नैपर्ने बन्दोबस्त के उपयुक्त सल्लाह थिएन ? यसले नयाँ पुस्तामा भाषा र जातजातिबारेको गहन जानकारी हुनेछ र विदेशी भाषा पढ्ने उत्सुकता र उत्साहलाई थप बल प्रदान गर्नेछ ।

संसद्मा नेपालको संविधान नपढेका र नबुझेका सदस्यहरू पनि पुग्छन्, अनि नबुझेको विषयमा छलफलमा नबस्दा सधैंजसो गणपुरक सङ्ख्या पुग्दैन । संसद्मा अनेक तमासा हेरिरहेकै विषय हो । तर, आज हाम्रो देशको मात्र होइन छिमेकी देशहरू, युरोप, उत्तर र दक्षिण अमेरिकी देशहरूका राज्य व्यवस्था, अर्थतन्त्र र परराष्ट्र नीतिबारे जानकारी राख्नु समय सुहाउँदो छ । नत्र, पूर्वपरराष्ट्रमन्त्रीले जनतालाई थाहै नदिई नेपालको तटस्थ परराष्ट्र नीति छोडी इजरायल र युक्रेनको पक्षमा संयुक्त राष्ट्रसङ्घको बैठकमा बोल्ने वा मत दिने आँट गर्ने थिएन । उक्त समाचार सुनेर देशका कैयौं बुद्धिजीवीहरू स्तब्ध भए । विदेशी विश्वविद्यालयबाट तयार भएका युवाहरूको आलोचनात्मक दृष्टिकोण नराख्नु अपराध होइन बरु त्यस्तालाई पदमा राख्नेहरू नै त्यस अपराधका जिम्मेवार हुन् । यसकारण, नयाँ पुस्ताले अन्तर्राष्ट्रिय मञ्चहरूमा पनि नेपाली जनताको मत राख्ने तथा गलत दृष्टिकोणलाई सविस्तार खण्डन गर्न सक्ने व्यक्ति र पैसामा नबिकी कूटनैतिक व्यक्तिहरू जनताका विद्यालयले उत्पादन गर्नुपर्दैन र !

यस अर्थमा शिक्षकको सिकाइ नै हाम्रो देशको सफलता र असफलताको नापो हो । नेपालको पुरानो पाठ्यक्रम बेलायती उपनिवेशवादीले भारतमा लागू गरेका नयाँ-नयाँ संस्करणहरू थिए र प्रजातन्त्र पुन: स्थापनापछिका पाठ्यपुस्तक र पाठ्यक्रम अमेरिकी साम्राज्यवादी पुस्तकहरूकै एउटा भाग हो । यसकारण, नेपालमै हुर्केका विविध विषय र देशबारे जानकारहरूबाट यो काम हुनसक्छ भन्ने ठम्याइ हामीले लिनु आवश्यक छ ।

हाम्रो नयाँ पुस्ताप्रति पुराना पुस्ता वा बुबाआमा, हजुरबुबा, हजुरआमासँग गरिने व्यवहारदेखि लवाइ-खवाइ नेपाली भाषाको हरेक वाक्यमा समेत अङ्ग्रेजी शब्दमा अभिव्यक्ति गर्दा सरोकारवालाले त्यो वाक्य राम्रोसँग बुझ्यो बुझेन मतलब नै नराख्दा व्यापारीले के कसरी व्यापार गर्ने ? ज्येष्ठ नागरिकले आफ्नै गाउँ र टोलको पसलमा दैनिक आवश्यक वस्तु किन्न जाँदा नयाँ पुस्ताको व्यापारी भाइले विदेशी भाषा मिसिएको उत्तर फर्काउँदा के होला ?



नयाँ पुस्तालाई मात्र होइन विदेशमा बसेर आफू र आफू बसेको देशका व्यापारीको हितलाई प्राथमिकता दिएर काम गर्ने हो भने नेपाल र नेपालीकै अहित हुन जाने निश्चित छ । पश्चिमी उपनिवेशवादीहरूले एसिया, अफ्रिका र ल्याटिन अमेरिकी देशहरूमा आ-आफ्ना ती महादेशकै देशहरूका स्थानीय आफ्ना देशका 'बिचौलिया' वा 'दलाल' वा 'एजेन्ट' हरू प्रयोग गरेर संसारलाई उपनिवेश बनाए । त्यसबेला पुँजीवादको पहिलो चरणमा विकास गरेको देश बेलायत थियो । त्यसकारण, बेलायत पृथ्वीको चारैतिर आफ्नो उपनिवेशका अधिनस्थ देश बनाएको हुनाले भन्ने गर्थे - 'बेलायतको साम्राज्यमा सूर्य कहिले डुब्दैन ।'

तर, दोस्रो विश्वयुद्धपछि पहिलो शक्तिशाली देशको ठाउँ संयुक्त राज्य अमेरिकाले लियो । आश्चर्य छ, उपनिवेशहरूका दलाल वा 'कम्प्रोडर' का छोरा-नातिहरूका आज तेस्रो पुस्ताले आफ्ना बुबा र हजुरबुबाहरूले पश्चिमी साम्राज्यवादीहरूको गोटी बनेकोमा साऱ्है दु:ख मनाउने गर्छन् । यसकारण, ती सबै देशका 'नयाँ पुस्ता' ले साम्राज्यवाद र उपनिवेशवादको विरोधमा आ-आफ्नो देशको इतिहास आफैँले नै लेख्नुपर्ने अनुभव गर्दै छन् । ती आक्रामक देशहरू र अरू देशमाथि शासन गर्ने देशहरूलाई तारिफ गरेका होइनन् बरु उपनिवेशका युवाहरूलाई सेनामा भर्ती गरेर खेती, खानी र अन्य काममा सस्तो ज्यामी बनाएर उल्टै हजारौं रूपैयाँ दिनुपर्नेमा १०-२० रूपैयाँ मात्र दिएर ठगी राखेका पहिले बेलायतलाई गोर्खा पल्टनमा जाने नेपाली युवालाई छानीछानी लैजाने बेलायती दलालहरूलाई 'गल्लावालहरू' भन्थे । आफ्ना छोराहरूलाई काम दिने भन्दै उनीहरू गल्लावालहरूलाई खुब सम्मान र मर्यादा गर्थे । तर, आज त्यस व्यवहारमा भिन्नता आएको छ । आज विभिन्न देशमा नेपाली युवा र युवतीहरू पठाउने काम 'म्यानपावर कम्पनी' ले गरेको छ । यस्ता कामका प्रत्यक्ष र अप्रत्यक्ष रूपमा विदेशमा बसी काम गर्ने गल्लावालहरू पनि प्रत्यक्ष र अप्रत्यक्षरूपमा प्रयोग हुँदै छन् । यसमा भारतीय र अन्य कम्पनीहरूको पनि साँठगाँठ छ ।

इराकको लडाइँमा अमेरिकी सेनाको सहयोगमा नेपाली युवाहरूलाई निजी सेनामा ट्रक ड्राइभर, भान्छे र अन्य अनेक काममा लगाउन भारतका विभिन्न नाउँ चलेका महँगा होटलहरूमा काम सिकाउँथे र पछि गुप्त रूपमा कुबेतबाट इराकमा राखिएका अमेरिकी सेनाको सेवा गर्थे । त्यस्तै, अमेरिकी केन्द्रीय गुप्तचर विभाग (सीआईए) ले इराकमा राष्ट्रपति सद्दाम हुसेनलाई हत्या गरेर देश कब्जा गरेजस्तै लिबियामा पनि त्यहाँको राष्ट्रपति कर्नेल गद्दाफीलाई हत्या गरेर आफ्ना पिछलग्गूहरूको शासन कायम गऱ्यो । यस्ता उदाहरणहरू धेरै छन् तर पश्चिमी साम्राज्यवादीहरूले केही पुराना उपनिवेशहरूमा आफूहरूले प्रत्यक्ष शासन नगरी आर्थिक र सांस्कृतिक रूपले अर्थात् पुँजी निर्यात गर्दै र आफूले तयार पारेका त्यही देशका दलालहरूमार्फत शासन गर्दै छन् । त्यसलाई नवउपनिवेशवाद र अर्ध-उपनिवेशवाद पनि भन्ने गरिन्छ ।

हाम्रो नयाँ पुस्तालाई शासक दलहरू आफै पुरानै ढङ्गले जनतालाई शासन गरिरहँदा नेपालमा पनि विदेशी हस्तक्षेप हुने पक्का छ । यसकारण, नयाँ पुस्तालाई देशको माया गर्नेबारे, विदेशीको हाहामा नलाग्ने र प्राथमिकता देश र जनतालाई दिने हो आफूलाई होइन भन्नेबारे गम्भीर ढङ्गले बताउनुपर्नेछ ।

पूर्वेली संसारको मानव सभ्यताको विकास हुँदाका वस्तुहरूबाट पनि त्यसबेलाका जनताका जीवनशैली थाहा हुन्छ । त्यही जीवनशैलीको विकास नै आजको कला र संस्कृतिको आधार हो । समय-समयमा अनेक भौगोलिक र प्राकृतिक ठुलठुला दुर्घटना अर्थात् आँधी-बेहरी, जाडो र गर्मी, बाढी-पहिरो, भूकम्प र अनेक रोग व्याधिले पनि ती प्राचीन सभ्यताका मानिसहरू साऱ्है प्रताडित भए होलान् । ती प्राकृतिक दुर्भाग्यहरूसँग लड्दै भिड्दै, पुन: नयाँ-नयाँ उपायबाट जोगिने र पुरानो स्थितिमा पुगेपछि थप जीवनशैलीमा प्रगति गरे होलान्, एकले अर्को ठाउँमा पीडितलाई सहयोग गर्ने, आपसमा मिलीजुली खाने तथा आ-आफ्ना प्राकृतिक र मानिस निर्मित वस्तुहरूको आदान-प्रदानले मानव समाजको अगाडि ज्ञानको र परस्पर मित्रताको समेत क्षितिज खुल्यो होला; मानव सभ्यताको जीवन सङ्घर्षमात्र नभई मेलका बिन्दुहरू पनि देखे होलान् ।

यसरी मूर्त तथा अमूर्त कला र संस्कृतिजस्तै मानिसको चिन्तन र हार्दिकताको विकास हुँदै गर्दा समाजमा नयाँ-नयाँ आयामको ढोका खुल्दै गयो । दल नायकको सीप र अनुभवलाई नयाँ पुस्ताले सिक्दै गयो र नयाँ-नयाँ पुस्ताको अगाडि निर्माणको थप क्षेत्र खुल्दै गयो । जसलाई दल नायकहरूकै कारण लेनदेन, सामान साटफेर र व्यापारको प्रथम चरण सुरु भयो । नेपाली समाजका विविध जात-जाति र भाषाभाषीहरूमा 'मित लाउने' सामाजिक संस्कृति त्यसमध्ये एक हो । मितलाई स्वागत र बिदाइ, खुसीको बेला सुखको सामूहिक खुसीको अनुहारबाट अभिव्यक्ति र दु:खको आपसमा सहानुभूतिको आँसुले अभिव्यक्ति दिए होलान् । यसरी आदिम मानव समाजमा पनि ज्येष्ठलाई सम्मान, सानोलाई माया गर्ने, अभिवादन, बिदाइ, शुभकामना आदि भावनाका अभिव्यक्तिहरू सभ्यताकै सिलसिला हुनुपर्छ भन्ने अनुमान गर्न गाऱ्हो छैन । त्यसको महत्त्वको गहिराइलाई कक्षाकोठाबाटै सिकाउनु राम्रो हुने प्रस्ट छ ।

मानिसमा हाँस्ने र रुनेजस्तै क्रोध र माया भने पनि मानिसको सृष्टि र विकास सँगसँगै भयो होला । सानो लठीको पनि टाउको र पुच्छर, पैसाको दुई पाटाजस्तै हरेक वस्तुको उल्टो पक्ष भएजस्तै, मानिसको भावनाको अभिव्यक्ति भाषाको व्यवस्थित विकास नभएसम्म जरुरै हाउभाउ र मानिसको अनुहारले दिए होला । एक दुई सय वर्ष पहिलेसम्म 'जङ्गली जाति' वा आदिम साम्यवादी समाजमा पनि स-साना नानीहरू वा शिशुहरूको मृत्युको कारणले प्रकृति र एक काल्पनिक ईश्वरसँग रिसाएर जङ्गलको चारैतिर रुखहरूमा वाण वर्षा गर्थे । तर, ज्येष्ठको मृत्युमा तिनीहरूको अनुहारमा क्रोध होइन दु:खका रेखाहरू देख्थे र टाढाको एकान्त जङ्गलको एक रुखमा झुन्ड्याउँथ्यो र त्यो लाश बिस्तारै कुहिँदै जान्थ्यो ।

मानिस मर्दाको दु:ख र बच्चा पाउँदाको सुखबारे त्यसैबेलादेखि मानिसमा दु:ख-पीडा र खुसीको भावना देखिए होला - जसको परम्परा फरक-फरक ढङ्गले आजसम्म संसारले मनाउँदै आएको छ ।

हरेक धर्म एक दर्शन वा अनुमान र अनुभव हो । इस्लाम धर्म मान्नेहरू बच्चा जन्मँदा 'दु:खको सागरमा किन आयौ तिमी' भनी उनीहरू दु:खी हुन्थे भने मर्दा 'अब तिमी यो दु:खको संसारबाट मुक्त भयौ' भनी खुसी हुन्छन् भन्ने भावना धर्मग्रन्थसम्म पुग्यो होला । हिन्दू धर्म र अन्य धर्ममा पनि मृतकलाई सम्झने र सम्झना स्वरूपको पूजापाठ र गाईजात्रा मनाउनेजस्ता विषयमा पनि 'नयाँ पुस्ता' ले अर्थ खोज्दै जानेछ ।

त्यस्तै, सभ्यताको विकासदेखि नै मानिसहरू जम्मा भएर आ-आफ्नो विचारको आदानप्रदान गर्थे होलान् । त्यसबेला 'प्रमुख' व्यक्तिलाई श्रद्धा र सम्बोधनपछि सभालाई उचित आदर प्रकट गर्दै सबैलाई चित्त बुझाएर आ-आफ्नो सफलताको निम्ति दूतको काम गर्ने परम्परा सुरु भयो होला । खेलकुद र नाचगानमा समेत प्रतिस्पर्धा र मित्रताको धागोले फरक-फरक समाजलाई एकै सूत्रमा बाँधे होला । नेवारहरूको पासुकामा हिमालको प्रतीकको रूपमा सेतो, महाभारत र चुरे पहाडसम्मको प्रतीकको रूपमा कालो (हाकुगु) धागो, तराईको हरियो धागो, पूर्व र पश्चिमको प्रतीकको रूपमा रातो रङ्ग बिहानी र साँझको प्रकाशको प्रतीक धागो बन्यो । त्यसको अर्थ उत्तर र दक्षिण, पूर्व र पश्चिमका हामी सबै एक हौँ भनी हातमा र गलामा लाउने चलन चल्यो होला । प्राचीन कालदेखि २१ औं शताब्दीसम्मका सबै प्रकारका अभिवादन, शुभकामना, बधाईदेखि समवेदनासम्मका सबै रीतिरिवाजलाई कक्षाकोठादेखि नै शिक्षित र दीक्षित गर्दा भोलिको समाज आजभन्दा सुसंस्कृत हुनेमा दुईमत नहोला । हिजोको नेपाली समाजमा चुरोटले स्वागत र सम्मान गर्थ्यो । तर, आज सबैतिर क्यान्सर रोगको कारकको रूपमा चुरोटलाई निषेध गर्दै 'नयाँ राम्रो पुस्ता' सिर्जना हुँदै छ । निराशा होइन, आशाका ठुलो क्षितिज हाम्रो सामु छ ।

हरेक देशका विभिन्न जात-जाति र भाषाभाषीहरूको भाषा, साहित्य, कला, नाच-गान एवं रीतिरिवाज, खानपिन, पोशाक, श्रृङ्गार, उत्सव, जात्रा र सुख-दु:खका फरक फरक भोज र श्रद्धाञ्जली र श्राद्ध आदि आ-आफ्ना संस्कृतिका अङ्ग बने । यस्ता सयौँ र हजारौं संस्कृतिका राम्रा राम्रा पक्षलाई मानव मात्रको निम्ति छानिएका बानी-व्यहोरा, बोली-वचन र व्यवहार नै सुसंस्कृत समाजको परिचय हो । हाम्रो नयाँ पुस्तालाई विद्यालय तहदेखि नै परिमार्जित संस्कृतिबाट शिक्षित-दीक्षित गर्दै जानु नयाँ पुस्तालाई सुसंस्कृत बनाउने एक प्रक्रिया हो - जसमा विद्यालयले नै अगुवाइ गर्नेछ । घरदेखि विद्यालय र विद्यालयदेखि विश्वविद्यालयसम्मको यो प्रक्रिया एउटा सुसंस्कृत समाज निर्माणको आन्दोलन पनि हो र प्रतीक पनि हो ।

साधारणरूपले शिक्षित व्यक्तिहरू वा अर्को अर्थमा स्नातक, आचार्य र विद्यावारिधि गरेका व्यक्तिहरूमात्रै सुसंस्कृत हुन्छन् भने धारणा पनि कहिलेकाहीं व्यवहारमा सटिक नदेखिन सक्छ । यसकारण, शैक्षिक र प्राविधिक जीवन सँगसँगै बदलिँदो संसारका नयाँ नयाँ ज्ञान, जानकारी र आफ्नो समाजलाई सोअनुसार लैजान अगुवाइ गर्नु नै सुसंस्कृत व्यक्तित्वका गुण हुनेछन् जो स्थिर नभई समयअनुसार ज्ञान र जानकारी फराकिलो हुँदै जाने क्षितिज पनि सदा खुला रहनु स्वाभाविक विषय हो ।

***स्रोत : तीस वर्षको अथक यात्रा, जेन्युइन सेकेन्डरी स्कूल***

# म्यान्मामा सेनाले सत्ता कब्जा गरेपछि पहिलोपटक निर्वाचन




याङ्गुन, २८ डिसेम्बर (एपी)। म्यान्मामा सेनाले सन् २०२१ मा सत्ता कब्जा गरेपछि पहिलो पटक आयोजना गरिएको आम निर्वाचनको प्रारम्भिक चरणअन्तर्गत आइतबार मतदान सुरु भएको छ। तर, देशका धेरै भागमा गृहयुद्ध जारी रहेकाले यो निर्वाचन सुरुदेखि नै विवादको घेरामा परेको छ।

तीन चरणमा हुने यो निर्वाचनको अन्तिम परिणाम जनवरीमा थप दुई चरणको मतदान सम्पन्न भएपछि मात्र स्पष्ट हुनेछ। पहिलो चरणमा देशका ३३० मध्ये १०२ स्थानमा मतदान भइरहेको छ। दोस्रो चरण जनवरी ११ र तेस्रो चरण जनवरी २५ मा हुने तय भएको छ। निर्वाचनको अन्तिम नतिजा फेब्रुअरीसम्म सार्वजनिक हुने अपेक्षा गरिएको छ।

सत्ता कब्जापछि निरङ्कुश शासन चलाउँदै आउनुभएका वरिष्ठ जनरल मिन आङ ह्लाइङले निर्वाचनपछि राष्ट्रपति पद सम्हाल्नुहुने व्यापक अनुमान गरिएको छ। सैनिक सरकारले निर्वाचनलाई 'चुनावी लोकतन्त्रतर्फ फर्कने प्रक्रिया' का रूपमा चित्रण गरे पनि प्रमुख विपक्षी दलहरूलाई प्रतिबन्ध लगाइएको र मतदातालाई डर-धम्की दिइएको आरोपले यसको वैधानिकता कमजोर बनाएको छ।

राष्ट्रिय तथा क्षेत्रीय विधानसभाका लागि ५७ दलबाट चार हजार ८०० भन्दा बढी उम्मेदवार प्रतिस्पर्धामा छन्। तर, देशव्यापीरूपमा प्रभाव जमाउने सम्भावना भएका दलहरू सीमित छन्। सेनाको समर्थन प्राप्त युनियन सोलिडारिटी एन्ड डेभलपमेन्ट पार्टी सबैभन्दा सङ्गठित र बलियो प्रतिस्पर्धी मानिएको छ।

आलोचकहरूले यो निर्वाचनलाई सैन्य शासनलाई वैधानिकता दिन गरिएको 'ढोङ' भनेका छन्। फेब्रुअरी २०२१ मा निर्वाचित प्रधानमन्त्री आङ सान सुकीको सरकार अपदस्थ गरेपछि सुरु भएको सैन्य शासनलाई नागरिक शासनको आवरण दिन निर्वाचन डिजाइन गरिएको उनीहरूको आरोप छ। सन् २०२० को चुनावमा नेसनल लिग फर डेमोक्रेसीले ठूलो जित हासिल गरे पनि सुकी र उहाँको दललाई पुनः सत्तामा आउनबाट रोकिएको थियो।

यद्यपि, निर्वाचन आयोजनाले चीन, भारत र थाइल्यान्डजस्ता छिमेकी देशलाई सैनिक सरकारलाई समर्थन जारी राख्न कूटनीतिक बहाना दिन सक्ने विश्लेषकहरूको भनाइ छ। पश्चिमी मुलुकहरूले भने म्यान्माका जनरलहरूमाथि प्रजातन्त्रविरोधी कदम र विपक्षमाथिको दमनका कारण प्रतिबन्ध कायमै राखेका छन्।

मतदानका दिन नागरिकहरूले मिश्रित प्रतिक्रिया दिएका छन्। याङ्गुनको एक मतदान केन्द्रमा मत हाल्नुभएकी ५१ वर्षीया खिन मार्लरले शान्ति आउने आशामा मतदान गरेको बताउनुभयो। लडाइँका कारण गाउँ छाड्नुपरेको उल्लेख गर्दै उहाँले भन्नुभयो, "शान्ति भएपछि गाउँ फर्कने आशाले मतदान गरिरहेकी छु।"

तर, केही मतदाताले सेनाको दबाब महसुस गरेको बताएका छन्। मोन राज्यकी एक महिलाले सैनिकहरूले बन्दुकसहित गाउँमा आएर मतदान गर्न दबाब दिएको दाबी गर्नुभयो। मानव अधिकार समूहहरूका अनुसार यस्ता धम्कीका घटनाहरू मतदानअघि नै देखिएका थिए।

असी वर्षीया पूर्व नेत्री आङ सान सुकी हाल २७ वर्षको जेल सजाय भोगिरहनुभएको छ। उहाँको दल नेसनल लिग फर डेमोक्रेसी नयाँ सैन्य नियमअनुसार दर्ता गर्न अस्वीकार गरेपछि सन् २०२३ मा विघटन गरिएको थियो। अन्य धेरै दलहरूले पनि निर्वाचन बहिष्कार गरेका छन्।

सन् २०२१ देखि हालसम्म २२ हजारभन्दा बढी व्यक्ति राजनीतिक कारणले हिरासतमा छन् भने सात हजार ६०० भन्दा बढी सर्वसाधारण सुरक्षा बलद्वारा मारिएको तथ्याङ्क सार्वजनिक छ। गृहयुद्धका कारण ३६ लाखभन्दा बढी नागरिक विस्थापित भएका छन्। यस्तो अवस्थामा पनि शक्ति अन्ततः जनरल मिन आङ ह्लाइङकै हातमा रहने विश्वास दुवै पक्षमा देखिन्छ।

## विश्व सङ्क्षेप

### किर्गिजस्तानमा चिनियाँ लगानीमा नवीकरणीय ऊर्जा आयोजना सञ्चालनमा

बिशकेक, १३ पुस (सिन्ह्वा)। किर्गिजस्तानको राजधानी बिशकेकमा शनिबार चिनियाँ लगानीमा तयार गरिएको नयाँ ऊर्जा आयोजना सञ्चालनमा आएको छ। यस आयोजनाले फोहोरबाट ऊर्जा उत्पादन गर्दै वातावरणमैत्री समाधान दिनेछ। सञ्चालन समारोहमा किर्गिज राष्ट्रपति सादिर जापारोभले भन्नुभयो, "यस आयोजनाले फोहोर व्यवस्थापनको समस्या समाधान गर्नेछ, ऊर्जा उत्पादन गर्नेछ र रोजगारी सिर्जना गर्नेछ।"

बिशकेक उपमेयर रामिज अलिभले सञ्चार माध्यमसँगको कुराकानीमा भन्नुभयो, "फोहोरलाई स्वच्छ ऊर्जामा रूपान्तरण गरेर सहरको धुवाँ-धुलोको समस्या समाधान गर्न यस आयोजनाले ठूलो सहयोग पुर्‍याउनेछ।"

यस आयोजनाको निर्माण र सञ्चालन चिनियाँ कम्पनी हूनान जुनसिन वातावरण संरक्षण कम्पनीले वित्तीय सहयोग गरेको हो। कम्पनीका अध्यक्ष दाइ दाओगुओले भन्नुभयो, "हामी यस आयोजना सुरक्षित, स्थिर र वातावरणमैत्री ढङ्गले सञ्चालन गर्न प्रतिबद्ध छौँ र स्थानीय बासिन्दासम्म विकासका फाइदाहरू पुर्‍याउने सुनिश्चित गर्नेछौँ।"

आयोजना निर्माणको काम अप्रिल २०२४ मा सुरु भएको थियो।

यसले दैनिक तीन हजार मेट्रिक टन फोहोर प्रशोधन गर्ने क्षमताको डिजाइन गरिएको भए पनि सुरुवाती रूपमा एक हजार मेट्रिक टन फोहोर दैनिक प्रशोधन हुनेछ। यसबाट वार्षिक करिब एक करोड चालीस लाख एक हजार युनिट ऊर्जा उत्पादन हुने र वार्षिक करिब एक लाख मेट्रिक टन कार्बन डाइअक्साइड उत्सर्जन घट्ने अपेक्षा गरिएको छ। दुवै देशका दुई सयभन्दा बढी प्रतिनिधिहरूले उद्घाटन कार्यक्रममा सहभागिता जनाएका थिए।

### ब्राजिलमा सडक दुर्घटना परी ११ जनाको मृत्यु

साओ पाउलो, २८ डिसेम्बर (सिन्ह्वा)। ब्राजिलको उत्तरपूर्वी राज्य बाहियामा भएको गम्भीर सडक दुर्घटनामा मृत्यु हुनेको सङ्ख्या ११ पुगेको छ। सङ्घीय राजमार्ग प्रहरीका अनुसार मृतकमध्ये दुई जना दुई र चार वर्षका बालबालिका रहेका छन्। दक्षिण बाहियाको मुकुरी नगर नजिकै रहेको सङ्घीय राजमार्गमा दुई सवारी साधन एकआपसमा आमनेसामने ठोक्किएका थिए। ठक्करपछि दुवै सवारी साधनमा आगलागी भएको जनाइएको छ।

प्रहरीको प्रारम्भिक अनुसन्धानअनुसार चालकहरूमध्ये एकले गलत तरिकाले अगाडि बढ्ने प्रयास गर्दा दुर्घटना भएको अनुमान गरिएको छ।

राजमार्ग सञ्चालन गर्ने कम्पनीले दिएको जानकारीअनुसार घटनास्थलमै १० जनाको ज्यान गएको थियो भने एक जनाको उपचारका क्रममा स्वास्थ्य संस्थामा मृत्यु भएको हो।

हालसम्म मृतकहरूको नाम सार्वजनिक गरिएको छैन। घटनाबारे थप अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ।

# थाइल्यान्ड–कम्बोडियाबिच सीमा युद्धविराम

बैङ्कक, २८ डिसेम्बर (एपी)। थाइल्यान्ड र कम्बोडियाले विवादित सीमा क्षेत्रमा हप्तौँदेखि जारी लडाइँ अन्त्य गर्न शनिबार नयाँ युद्धविराम सम्झौतामा हस्ताक्षर गरेका छन्। दिउँसोदेखि लागू भएको यस सम्झौताले दुवै पक्षलाई सैन्य गतिविधि रोक्न, हवाई क्षेत्र उल्लङ्घन नगर्न र तनाव कम गर्न आह्वान गरेको छ।

कम्बोडियाको रक्षा मन्त्रालयका अनुसार सम्झौता हुनुअघि शनिबार बिहानसम्म थाइल्यान्डले कम्बोडियाका केही स्थानमा हवाई आक्रमण गरेको थियो। नयाँ सम्झौताले ७२ घण्टाको युद्धविरामपछि थाइल्यान्डले जुलाईको लडाइँपछि नियन्त्रणमा लिएका १८ जना कम्बोडियाली सैनिकलाई फिर्ता गर्नुपर्ने व्यवस्था गरेको छ, जुन कम्बोडियाको प्रमुख माग रहँदै आएको थियो।

सम्झौतामा हस्ताक्षर भएको केही घन्टामै थाइल्यान्डको विदेश मन्त्रालयले विरोध जनाउँदै एक थाई सैनिक कम्बोडियाली पक्षले बिछ्याएको मानवविरोधी बारुदी सुरुङमा परेर स्थायी रूपमा अशक्त भएको जनाएको छ।

यो सम्झौतामा कम्बोडियाका रक्षामन्त्री टी सेइहा र थाइल्यान्डका रक्षामन्त्री नट्टाफोन नार्कफानितले सीमावर्ती चौकीमै हस्ताक्षर गर्नुभएको हो। तीन दिनसम्म चलेको तल्लो तहका सैनिक वार्तापछि यो सहमति सम्भव भएको हो। यसले जुलाईमा पाँच दिन चलेको लडाइँ अन्त्य गर्न गरिएको अघिल्लो युद्धविराम र त्यसपछि भएका सहमतिहरूप्रति प्रतिबद्धता दोहोर्‍याएको छ।




संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले यसलाई 'नागरिकको पीडा कम गर्ने र स्थायी शान्तितर्फको सकारात्मक कदम' भन्नुभएको छ।

चीनले पनि सम्झौताको स्वागत गर्दै युनान प्रान्तमा थाई र कम्बोडियाली विदेश मन्त्रीहरूसँग त्रिपक्षीय वार्ता गर्ने तयारी जनाएको छ। चीनले राजनीतिक विश्वास पुनर्निर्माण र क्षेत्रीय शान्तिका लागि रचनात्मक भूमिका खेल्ने प्रतिबद्धता व्यक्त गरेको छ।

डिसेम्बर ७ देखि सुरु भएको लडाइँका कारण थाइल्यान्डतर्फ २६ सैनिक र एक सर्वसाधारणको ज्यान गएको छ भने ४४ सर्वसाधारण मारिएको थाइल्यान्डको दाबी छ। कम्बोडियाले ३० सर्वसाधारणको मृत्यु र ९० जना घाइते भएको जनाएको छ। सीमाको दुवैपट्टि लाखौँ नागरिक विस्थापित भएका छन्।

रक्षामन्त्री टी सेइहाले युद्धविरामले विस्थापित नागरिकलाई घर फर्कन, खेतीपाती गर्न र बालबालिकालाई विद्यालय फर्कन बाटो खुल्ने बताउनुभयो। दुवै पक्षले एक-अर्कालाई लडाइँ सुरु गरेको आरोप लगाए पनि आत्मरक्षामा कदम चालिएको दाबी गरेका छन्।

सम्झौताले बारुदी सुरुङसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि पालना गर्न, संयुक्त डिमाइनिङ अभियान सञ्चालन गर्न, गलत सूचना नफैलाउन र सीमाङ्कनसम्बन्धी प्रक्रिया पुनः सुरु गर्न आह्वान गरेको छ। साथै, सीमापार सङ्गठित अपराध र अनलाइन ठगी नियन्त्रणमा सहकार्य गर्ने सहमति पनि भएको छ।

मलेसियाका प्रधानमन्त्री अनवर इब्राहिमले सम्झौताले नागरिकको हितलाई प्राथमिकतामा राख्ने साझा समझदारी झल्काएको बताउनुभयो। यद्यपि, थाइल्यान्डले ७२ घण्टाको युद्धविरामलाई कम्बोडियाले साँच्चिकै हतियार र उक्साहट रोकेको छ कि छैन भन्ने परीक्षणको समयका रूपमा हेरिएको जनाएको छ।

# यमनको पूर्वी क्षेत्रमा अस्थिरता बढ्दै, संयुक्त राष्ट्रसङ्घद्वारा शान्तिपूर्ण समाधानमा जोड

एडेन, २८ डिसेम्बर (सिन्ह्वा)। यमनका लागि संयुक्त राष्ट्रसङ्घका विशेष दूत हान्स ग्रुन्डबर्गले शनिबार यमनका पूर्वी प्रान्तहरू हद्रामौत र अल-मह्राहमा बढ्दो तनावप्रति गम्भीर चासो व्यक्त गर्दै सबै पक्षलाई संयमता अपनाउन र थप तनाव नबढाउन आग्रह गर्नुभएको छ।

सामाजिक सञ्जालमार्फत जारी वक्तव्यमा उहाँले संयुक्त राष्ट्रसङ्घका महासचिवको 'संयम, तनाव न्यूनीकरण र संवाद' सम्बन्धी आह्वान दोहोर्‍याउँदै परिस्थितिलाई अझ जटिल बनाउने कुनै पनि गतिविधि नगर्न सबैलाई अनुरोध गर्नुभयो।

ग्रुन्डबर्गले क्षेत्रीय स्तरमा भइरहेका मध्यस्थता प्रयासहरूको महत्त्वमा जोड दिँदै यमनका पक्षहरू तथा क्षेत्रीय सरोकारवालासँग निरन्तर सम्पर्कमा रहेको र देशमा 'समग्र तथा समावेशी राजनीतिक समाधान' तर्फ अघि बढ्न सहयोग गरिरहेको बताउनुभयो।

उहाँका यी अभिव्यक्तिहरू साउदी अरबले शुक्रबार दक्षिणी सङ्क्रमणकालीन परिषद्सँग सम्बन्धित स्थानहरूमा हवाई आक्रमण गरेपछि आएका हुन्। ती आक्रमणहरू हद्रामौत प्रान्तको प्रमुख तेल क्षेत्र नजिक रहेको घैल बिन यामिन क्षेत्रमा भएका बताइन्छ। ती घटनामा मानवीय क्षति वा सैन्य उपकरणमा क्षति पुगेको विवरण प्राप्त भएको छैन।

यसअघि डिसेम्बर ३ मा दक्षिणी सङ्क्रमणकालीन परिषद्का बलहरूले सरकार समर्थक समूहसँगको झडपपछि हद्रामौतमा नियन्त्रण कायम गरेका थिए। त्यसपछि उनीहरूले कुनै ठूलो प्रतिरोधबिना अल-मह्राह प्रान्तसम्म आफ्नो उपस्थिति विस्तार गरेका छन्। यमन सरकार र साउदी अरबले पटक-पटक तनाव कम गर्न आग्रह गरे तापनि परिषद्ले दुवै प्रान्तमा स्थानीय बलहरू भर्ती गर्न जारी राखेको जनाइएको छ।

यसै दिन साउदी नेतृत्वको गठबन्धनका प्रवक्ता तुर्की अल-मालिकीले नागरिक सुरक्षाका लागि तनाव न्यूनीकरण प्रयासलाई कमजोर बनाउने कुनै पनि सैन्य गतिविधिलाई सम्बोधन गरिने बताउनुभएको थियो।

यमनको राष्ट्रपति नेतृत्व परिषद्का अध्यक्ष रशाद अल-अलिमीले पनि शनिबार ती कदमहरूको स्वागत गर्दै दक्षिणी सङ्क्रमणकालीन परिषद्का गतिविधिलाई अस्थिरता सिर्जना गर्ने कार्यको रूपमा वर्णन गर्नुभयो।

सन् २०१७ मा गठन भएको दक्षिणी सङ्क्रमणकालीन परिषद्ले दक्षिण यमनको आत्मनिर्णय र अन्ततः स्वतन्त्रताको माग गर्दै आएको छ। सन् २०२२ मा अन्तर्राष्ट्रिय रूपमा मान्यता प्राप्त यमन सरकारमा समावेश भए पनि परिषद्ले दक्षिणी पृथकतावादी एजेन्डालाई निरन्तर अघि बढाइरहेको छ।

# दूध हालेको, नहालेको, मसला राखेको/नराखेको कस्तो चिया/कफी पिउने ?

✍ प्रा. डा. प्रकाशराज रेग्मी

चिया, कफी साथीहरू भेट भएर कुरा गर्ने माध्यम बनेको छ ।

धेरै जनाको बिहानको सुरुआत प्राय: चिया वा कफीबाट हुन्छ ।

त्यसैले, चिया वा कफी धेरैको दैनिकीको अभिन्न अङ्ग बनेको छ ।

यसका फाइदा बेफाइदाका बारेमा विभिन्न अध्ययन अनुसन्धानहरू भएका छन् । विश्वका धेरै देशहरूमा चिया, कफीको सेवन निकै हुने गरेको छ ।

अझ जाडोको समयमा त यसको सेवन निकै नै हुने गर्दछ । नेपालमा पनि तराईदेखि हिमाली भेगसम्म यसको प्रयोग हुने गर्दछ । पछिल्लो समय कफीको प्रयोग गर्नेहरूको सङ्ख्या ह्वात्तै बढेको छ ।

नेपालमा चिया र कफी खेती पनि हुने भएकाले यसको प्रयोगलाई सामान्य रूपमा लिने गरिन्छ । यहाँ चिया र कफीको प्रयोग स्वास्थ्यका दृष्टिले कत्तिको लाभदायक छ भन्ने कुरा उल्लेख गरिएको छ ।

संसारभरि पानीपछि सबैभन्दा धेरै पिइने पेयपदार्थ चिया नै हो । हामीले धेरै थरी चिया पिउने गर्छौं - दूध हालेको सेतो चिया, दूध र मसला दुवै हालेको मसला चिया, केही पनि नहालेको कालो वा हरियो चिया, आयुर्वेदिक जडीबुटी मिसिएको हर्बल चिया आदि ।

धेरैले चियामा चिनी हालेर पिउँछन्, कसैकसैले चिनी नहालेको चिया मन पराउँछन् । दूध-चिनी हाली आगोमा भकभकी उमालेर पकाएको चिया स्वादिलो हुने हुँदा धेरैको रोजाइमा पर्छ । स्वास्थ्यका जानकारहरूले यस्तो चियाले स्वास्थ्यमा हानि पुऱ्याउँछ भनी खबरदारी गर्छन् ।

यस्तो खबरदारीलाई ध्यानमा राखेर केही मानिसले चियामा दूध-चिनी केही पनि नमिसाइ कालो चिया पिउने गर्छन् । कतिपयले त स्वास्थ्यलाई फाइदा गर्छ भनेर हरियो चिया मिठो नलागे पनि पिउने गर्छन् ।

**कस्तो चिया फाइदाजनक ?**

स्वास्थ्यका हिसाबले चिया सेतो, कालो या हरियो कुन फाइदाजनक छ भन्नेबारे धेरैलाई जान्ने उत्सुकता हुन्छ ।

हामीले दिनदिनै दुई-चार कप चिया पिएकै हुन्छौं । हरियो र कालो दुवै चिया एउटै जातको 'क्यामेलिया' नामक वनस्पतिबाट उत्पादन हुने गर्छ । चिया बगानबाट चियापत्ती टिप्दा त्यो हरियो हुन्छ, त्यसलाई प्रशोधन गरेपछि त्यो कालो हुन्छ ।

हरियो चिया भनेको सबैभन्दा कम प्रशोधित चिया हो । चियाको पातलाई जति धेरै प्रशोधन गरिन्छ त्यति नै मात्रामा त्यसमा भएका गुणकारी तत्त्वहरू नष्ट हुँदै जान्छन् । यो हिसाबले कालोभन्दा हरियो चियालाई बढी स्वास्थ्यवर्द्धक मान्नुपर्छ ।

हरियो चियामा स्वास्थ्यवर्द्धक तत्त्व पोलिफिनोल र क्याटेखिन बढी पाइन्छ भने कालो चियामा यिनीहरूको मात्रा अलि कम हुन्छ तर क्याफिनको मात्रा बढी हुन्छ ।

क्याफिनले शरीरलाई उत्तेजित पार्ने, नशा लाग्ने कारणले त्यति राम्रो मानिदैन । चियामा भएको गुणकारी तत्त्वहरू पोलिफिनोल आदिले मुटु, हड्डी, पेट आदिलाई फाइदा गर्छ । यसले क्यान्सरको रोकथाममा पनि मद्दत पुऱ्याउँछ । मधुमेह, उच्च रक्तचापजस्ता समस्यालाई पनि कम गर्न सहयोग गर्छ ।

चियालाई धेरै बेर उमाल्यो, त्यसमा दूध र चिनी मिसायो भने पोलिफिनोल, क्याटेखिन आदि गुणकारी तत्त्वहरू निष्क्रिय भइदिन्छन् ।

यसकारण, स्वास्थ्यका हिसाबले सोझो अर्थमा चिया कालोभन्दा हरियो राम्रो, दूध-चिनी हालेको भन्दा नहालेको राम्रो । हामीले पोलिफिनोल एन्टिअक्सिडेन्ट चियाबाटै किन लिनुपऱ्यो ?

फलफूल, सागसब्जी, गेडागुडी, ड्राइफ्रुट्स आदिबाट प्रशस्त फाइबर र एन्टिअक्सिडेन्ट पाउन सक्छौं । यी चिजहरू खाए भइहाल्यो नि ! चियाको स्वाद बिगारी-बिगारी टर्रो चिया नै किन पिउनुपऱ्यो !

कोक, फन्टा, स्प्राइट, रेडबुलजस्ता पेयपदार्थहरू पिउनुभन्दा आगोमा भकभकी उमालेको दूध-चिनी हालेको चिया नै बढी फाइदाजनक हुन्छ ।

यस्तो चिया दैनिक एक-दुई कप पिउँदा केही पनि हानि छैन । तर, जसले दैनिक दुई कपभन्दा बढी चिया पिउँछ, उसले विचार पुऱ्याउनुपर्छ कस्तो चिया पिउने ? कति कप पिउने ? कुनबेला पिउने ? चिनी-दूध हाल्ने कि नहाल्ने ? भन्ने कुरा आफ्नो स्वास्थ्यअनुसार विचार गर्न सकिन्छ ?

यदि तपाईंलाई मधुमेह रोग छ, रगतमा ट्राइग्लाइसेराइडको मात्रा धेरै बढेको (४०० भन्दा बढी नै) छ, शरीर मोटो छ भने चियामा चिनी नहाली पिउनुहोस् । तपाईंले हरियो चिया पिएको राम्रो ।

पेटको समस्या छ, पेट फुल्छ, पोल्छ, ग्यास्ट्रिक बढ्ने समस्या छ, डकार धेरै आउँछ, अमिल्युकी आउँछ भने चियामा दूध नहालेको राम्रो ।




यस्तो समस्या भएकाहरूले दूधबिनाको कालो या हरियो चिया पिउँदा राम्रो हुन्छ । तर, तपाईं चियाको असाध्यै पारखी हुनुहुन्छ, सेतो दूध हालेको चिया मन पराउनुहुन्छ भने खाली पेटमा नपिउनुहोस् ।

पहिले अलिकति पानी पिउनुहोस् अनि दूध हालेको चिया पिउनुहोस्, दैनिक एक कपभन्दा बढी सेतो चिया नपिउनुहोस् । चियामा अदुवा मिसाएर पकायो भने स्वाद पनि बढ्छ, पेटलाई फाइदा पनि हुन्छ ।

तौल घटाउने इच्छा छ भने दूध-चिनी नहालेको हरियो चिया दैनिक चार कपसम्म पिउनुहोस् । यसभन्दा धेरै पिउँदा हानि पुग्न सक्छ, विचार पुऱ्याउनुहोस् ।

तपाईं स्वस्थ हुनुहुन्छ भने दैनिक दुई कपसम्म दूध-चिनी हालेर भकभकी पकाएको नेपाली चिया आनन्दपूर्वक पिउन सक्नुहुन्छ । चियामा रहेको पौष्टिक तत्त्व नष्ट भयो भनी चिन्ता नगर्नुहोस्, चियाको स्वादमा रमाउनुहोस् ।

तर, दैनिक दुई कपभन्दा बढी यस्तो चिया नपिउनुहोस् । धेरै भयो भने यसमा भएको क्याफिनले नशा लाग्छ, उत्तेजित बनाउँछ, अनिद्रा गराउँछ, रक्तचाप बढाउँछ, मुटुको धड्कन बढाउँछ ।

यसकारण, सावधानीका साथ चियाको मज्जा लिनुहोस् । चिया सेतो कि कालो पिउने भन्ने विषयमा धेरै नसोच्नुहोस् । तपाईंलाई जुन चियाको बढी स्वाद लाग्छ त्यही चिया पिउनुहोस् तर सावधान ! धेरै नपिउनुहोस् ।

**कफीको नशा**

चियाजस्तै कफीको स्वादमा रमाउने मानिस पनि विश्वमा धेरै छन् । धेरैलाई कफीको नशाबारे थाहा छैन । कफी र रक्सी दुवैमा नशा लाग्ने तत्त्व हुन्छ ।

कडा कफी पिउने बानी भएकाहरूलाई कफी र रक्सीमध्ये एउटा छोड्नुपर्दा उनीहरू रक्सी छोड्छन् ।

रक्सी छोड्नसक्ने तर कफी छोड्न नसक्ने भनेको रक्सीमा भन्दा पनि कडा नशा कफीमा छ भनी बुझ्नुपर्छ । चुरोटमा हुने निकोटिन र रक्सीमा हुने अल्कोहलले स्वास्थ्यमा गम्भीर असर पार्छ । रक्सी र चुरोटको लत बसेकाहरूले यो छोड्दा हात काम्ने, टाउको दुख्ने, छटपटी लाग्नेजस्ता समस्या देखा पर्छन् । यसलाई 'विड्रअल इफेक्ट' भनिन्छ । कफीको लत बसेकाहरूले कफी पिउन नपाउँदा यस्तै अवस्था उत्पन्न हुन्छ ।

संसारमा धेरै पिइने पदार्थहरूमध्ये एक हो कफी । विकसित राष्ट्रहरूमा आधा जनसङ्ख्याले कफी सेवन गर्ने गरेका छन् । त्यहाँ प्रत्येक दिन एक जनाले सरदर तीन कप कफी पिउने गर्छन् ।

कफीको उत्पादन भने सबैभन्दा बढी विकासोन्मुख राष्ट्रहरूमा हुने गरेको छ । कफीको खेती संसारका ७० भन्दा बढी देशमा गरिन्छ । सबैभन्दा धेरै कफी उत्पादन गर्ने देश ब्राजिल हो । यो देशले संसारको कुल ३५ प्रतिशत कफी उत्पादन गर्दछ । नेपालमा पनि कफीको उत्पादन हुन्छ । नेपालमा पाल्पा र गुल्मीका कफीहरू प्रख्यात छन् ।

**कति पिउने कफी ?**

रक्सीमा इथानोल र चुरोटमा निकोटिन भएजस्तै कफीमा क्याफिन हुन्छ । यसमा एक प्रकारको लत वा नशा बस्छ । मान्छेले एकपटक पिएपछि फेरि पनि पिउँपिउँ जस्तो लाग्ने कारण यही हो ।

दुई चिया चम्चा धुलो कफी मिसाएको एक कप कफीमा सय मिलिग्राम क्याफिन हुन्छ । स्वास्थ्यका दृष्टिले दैनिक दुई सयदेखि चार सय मिलिग्रामसम्म क्याफिन पिउन सुरक्षित मानिन्छ ।

अर्थात् एक जनाले दुईदेखि चार कपसम्म दैनिक कफी पिउन सक्छन् । तर, कफी पिउन हुने/ नहुने भन्ने कुरा व्यक्तिको स्वास्थ्य स्थितिमा भर पर्छ ।

क्याफिन तत्त्व कफीमा मात्रै नभएर चकलेट, चिया, कोल्ड ड्रिङ्क्स र इनर्जी ड्रिङ्क्समा पनि पाइन्छ । इनर्जी ड्रिङ्क्स पिउँपिउँ लाग्ने कारण पनि क्याफिनको नशा लागेर हो । कफीले स्वास्थ्यमा असर पार्छ भन्ने कुरा विज्ञानले पनि पुष्टि गरेको छ ।

यसले दिमाग र मुटुमा असर पार्ने, मुटुलाई उत्तेजित बनाउने एवं पाचन प्रणालीमा पनि असर गर्छ । थोरै प्रयोगले खासै असर नगरे पनि, धेरै हुनेबित्तिकै पाचन प्रणालीमा असर पार्छ । दैनिक चार कपभन्दा बढी कफीलाई धेरै मान्नुपर्छ ।

कफी धेरै पिउँदा छटपटी हुने, चक्कर लाग्ने, हात काँप्ने, निद्रा नलाग्ने, मुटुको धड्कन बढ्ने, ब्लड प्रेसर बढ्ने, अपच हुनेजस्ता समस्या देखिन सक्छन् । धेरै भयो भने मृत्युसमेत हुन सक्छ । दिनमा ५० कपदेखि एक सय कपसम्म कफी पियो भने मृत्युसमेत हुनसक्छ । १० हजार मिलिग्राम क्याफिन शरीरमा पऱ्यो भने तत्काल मृत्यु हुनसक्छ ।

कुनै व्यक्तिलाई कफी शरीरमा पर्नेबित्तिकै आनन्द महसुस हुन्छ भने कतिपयलाई छटपटी हुन्छ । कसैकसैलाई अलिकति कफी पिउने बित्तिकै असर पर्छ, यसलाई कफीमा 'सेन्सेटिभ' भएको भनिन्छ । कफीमा सेन्सेटिभ भएकाहरूलाई थोरै कफीले पनि छटपटी गराउने, जीउ तातेर आउने, मुटु हल्लिने, निद्रा नपर्ने, अपच हुने, रक्तचाप बढ्ने, छिटोछिटो पिसाब लाग्नेजस्ता स्वास्थ्य समस्या उत्पन्न गराउँछ । मुटुको धड्कन खराब भएकाहरूले दैनिक एक कपसम्म कफी पिउनु सुरक्षित मानिन्छ ।

विज्ञानले भन्छ - एक कप कफी गर्भवतीहरूका लागि समेत सुरक्षित छ तर यसभन्दा बढी भएमा गर्भपात हुने वा कम तौल भएको बच्चा जन्मिने खतरा बढ्छ । १८ वर्ष उमेरमुनिका र गर्भवती महिलाले कफी नपिउँदा बेस हुन्छ ।

आफ्नो स्वाद अनुसारको कफी पिउने गर्नुहोस् । कालो, दूध-चिनी नहालेको 'ब्ल्याक' अथवा 'मिल्क विथ सुगर', 'कफी लाटे', 'अमेरिकानो', 'एक्सप्रेसो', 'क्यापुचिनो' आदि जुन स्वादिलो लाग्छ, छानीछानी पिउने गर्नुहोस् । यसबाट स्वाद, सन्तुष्टि र सुस्वास्थ्य प्राप्त हुन्छ ।

कफीले स्वास्थ्यमा पार्ने असरबारे धेरै अनुसन्धानहरू भएका छन् । कफी सेवन नगर्नेहरूको तुलनामा कफी सेवन गर्नेहरू धेरै वर्ष बाँच्ने गरेको कुरा वैज्ञानिक अनुसन्धानहरूले पुष्टि गरेका छन् ।

दैनिक दुईदेखि चार कपसम्म कफी पिउनेहरूमा अरुको तुलनामा १६ प्रतिशतले मृत्युदर कम भएको पाइएको छ भने २१ प्रतिशतले हृदयघातबाट हुने मृत्यु घटेको पुष्टि भएको छ ।

हृदयघात भइसकेकाहरूका लागि पनि कफीको सेवन लाभदायी देखिन्छ । दैनिक दुईदेखि चार कपसम्म कफी पिउँदा यसले स्वास्थ्यमा राम्रो असर पार्छ ।

विज्ञानले के पनि भन्छ भने कफीले मधुमेह र मुटुरोगबाट बचाउन मद्दत गर्छ । दिमागसम्बन्धी रोग- ल्जाइमर्स, डिमेन्सिया र डिप्रेसन हुनबाट रोक्छ । पार्किन्सन्स रोग, लिभर सिरोसिस र क्यान्सर हुनबाट पनि धेरै हदसम्म रोक्छ ।

हिजोआज धेरै मानिसलाई कलेजोमा बोसो जम्ने रोग छ । यसलाई नन अल्कोहोलिक फ्याट्टी लिभर पनि भनिन्छ । यसलाई पनि कफीले घटाउँछ भन्ने वैज्ञानिक मान्यता छ ।

तर, गर्भवती महिला र १८ वर्षमुनिका बालबालिकाले कफी नपिउँदा राम्रो हुन्छ । किनकि उनीहरूलाई कफीमा हुने क्याफिनले नकारात्मक असर पुऱ्याउँछ । त्यसैले भरसक आफ्नो शरीरको स्थितिलाई विचार गरेर कफी पिउँदा राम्रो हुन्छ ।

दूध र चिनी नहालेको ब्ल्याक कफी पिउँदा स्वाद, सन्तुष्टि र सुस्वास्थ्यसमेत पाउन सकिन्छ ।

*(लेखक प्रा. डा. प्रकाशराज रेग्मी वरिष्ठ मुटुरोग विशेषज्ञ हुन् ।)*

# मनाङमा हिउँ चितुवा सर्वेक्षण : डिस्याङ, नारफू र तिलिचो आसपासका क्षेत्र बासस्थान

मनाङ, १३ पुस । हिमाली पारिस्थितिकीय प्रणालीको सूचक मानिएको लोपोन्मुख हिउँ चितुवाको तथ्याङ्क सङ्कलन गर्ने उद्देश्यले यहाँ हिउँ चितुवा सर्वेक्षण जारी छ । राष्ट्रिय प्रकृति कोष (एनटिएनसी) र अन्नपूर्ण संरक्षण क्षेत्र परियोजना (एक्याप) ले संयुक्त रूपमा मनाङ क्षेत्रमा विज्ञसहित क्यामेरा ट्र्यापिङबाट हिउँ चितुवाको अवस्था, गणना र वन्यजन्तुको अनुगमन गरिने भएको हो ।

अन्नपूर्ण संरक्षण क्षेत्रभित्र पर्ने दुर्लभ तथा सङ्कटग्रस्त वन्यजन्तु हिउँ चितुवाको अवस्था बुझ्न सर्वेक्षण गरिएको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना एकाइका प्रमुख ढकबहादुर भुजेलले जानकारी दिनुभयो । अन्नपूर्ण संरक्षण क्षेत्रअन्तर्गत पर्ने नारफु, डिस्याङ, खाङ्सार, तिलिचो, गुम्साङ, भिमथाङ आसपासका उच्च हिमाली भूभागमा गरिएको सर्वेक्षणले मनाङ हिउँ चितुवाको सम्भावित प्रमुख बासस्थानमध्ये एक रहेको विज्ञले पुष्टि गरेको उहाँले बताउनुभयो ।

"हिउँ चितुवा हिमाली पारिस्थितिकीय प्रणालीको सूचक प्रजाति हो । यसको उपस्थिति सुरक्षित छ भने उक्त क्षेत्रको सम्पूर्ण पारिस्थितिकीय प्रणाली सन्तुलन पनि राम्रो अवस्थामा रहेको मानिन्छ," प्रमुख भुजेलले भन्नुभयो । मनाङको डिस्याङ, नारफू र तिलिचो आसपासका क्षेत्र हिउँ चितुवाको सम्भावित बासस्थानका रूपमा पहिचान गरिएको उहाँले बताउनुभयो । उहाँका अनुसार क्यामेरा ट्र्याप, पदचिह्न, मल (स्क्याट) सङ्कलन र स्थानीय गोठालाको अनुभवका आधारमा सर्वेक्षणका लागि क्यामेरा जडान गरिएको छ ।

सर्वेक्षणमा संलग्न वन्यजन्तु तथा वातावरण विज्ञका अनुसार हिउँ चितुवाको संरक्षण केवल एउटा वन्यजन्तु जोगाउने विषयमात्र नभई सम्पूर्ण हिमाली पारिस्थितिकीय प्रणाली, स्थानीय जीविकोपार्जन र भविष्यको पर्यटनसँग प्रत्यक्ष जोडिएको विषय हो । समुद्री सतहबाट करिब तीन हजार २०० मिटरदेखि पाँच हजार २०० मिटरभन्दा बढी उचाइका मनाङ डिस्याङ उपत्यका, भीमथाङ उपत्यका र नारफु उपत्यकालाई तीन क्षेत्रमा विभाजन गरी अध्ययन गरिरहेको भुजेलले बताउनुभयो ।

यी क्षेत्रमा अल्पाइन घाँसेमैदान, शङ्कुधारी वन प्याच, सुक्खा नदीक्षेत्र, रिजलाइन र जनावरका बाटो समावेश गरिएका छन् । हिउँ चितुवा र तिनीहरूको सिकारका लागि प्रमुख बासस्थान हुन् । यस क्षेत्रमा कुल १२९ क्यामेरा जडान गरिएको उहाँले बताउनुभयो । मनाङ डिस्याङ उपत्यकामा ५७, भीमथाङ उपत्यकामा २९ र नारफु उपत्यकामा ४३ क्यामेरा जडान गरिएको छ । क्यामेराले हिमाली ब्वाँसाको अध्ययन गर्ने



एक अन्तर्राष्ट्रिय अनुसन्धानकर्तासँगको सहकार्यात्मक प्रयास पनि समावेश गरी सर्वेक्षण भइरहेका छ । अनुसन्धानकर्ताले २२ क्यामेरा र तथ्याङ्क आदानप्रदान गरिरहेको एक्यापले जनाएको छ ।

"हिउँचितुवा सुरक्षित छभने त्यसको अर्थ नाउर, झारलजस्ता सिकार प्रजाति, घाँसेमैदान र समग्र हिमाली वातावरण पनि सन्तुलित अवस्थामा छ भन्ने बुझिन्छ," उहाँले भन्नुभयो । सन् २०२४ अक्टोबर १४ मा सुरु भएको अनुगमन अध्ययनले विगतमा हिउँ चितुवा विवरण अध्ययन (छेत्री एटअल, २०१७) मा पहिचान गरेको वैज्ञानिकको रूपमा चयन गरिएका ग्रिड कोषलाई भीमथाङ उपत्यकासहित अन्नपूर्ण-मनास्लु क्षेत्र प्रमुख हिउँ चितुवा समेटेको छ ।

यस अध्ययनका लागि राष्ट्रिय प्रकृति संरक्षण कोष र एक्यापले मनाङ ब्लकलाई १४ ग्रिड कोषमा विभाजन गरी प्रत्येकको मापन ५x५ वर्ग किलोमिटर रहेको जनाएको छ । निष्पक्ष र व्यवस्थित तथ्याङ्क सङ्कलन सुनिश्चित गर्न प्रत्येक ग्रिडभित्र अनियमित रूपमा क्यामेरा ट्र्यापिङका लागि जडान गरिएको छ ।

मानव बस्ती र पूर्वाधारबाट टाढा जनावरका बाटो, रिजलाइन, वनक्षेत्र, पानीका स्रोत र ज्ञात वा शङ्कास्पद सिकारस्थलमा क्यामेरा ट्र्यापिङ गरिएको एक्यापले जनाएको छ । हिउँ चितुवाको सङ्ख्या अनुमान र पारिस्थितिकीय प्रणालीको विश्लेषणलाई समर्थन गर्न प्रत्येक ग्रिड सेलभित्र सिकार प्रजातिको तथ्याङ्क रेकर्ड गरिरहेका छन् । क्यामेरा, ब्याट्री, मेमोरी कार्ड, पन्जा, सिलिका जेल, स्क्याट सङ्कलन ट्यूब र तथ्याङ्क रेकर्डिङ फारमलगायतका उपकरण जडान गरिएको छ ।

भुजेलले भन्नुभयो, "प्रारम्भिक सर्वेक्षणले यस क्षेत्रमा हिउँ चितुवाको सङ्ख्या करिब ५० भन्दा बढी अनुमान गरेको छ । सर्वेक्षण जारी रहेकाले अन्तिम तथ्याङ्क आउन बाँकी छ ।" हिमाली ब्वाँसो, रातो स्याल, नीलो भेडा, कस्तुरी मृग, पहेँलो घाँटी भएको मार्टेन्स, हिमाली सेरो, घोरल र चितुवा बिरालोजस्ता विविध वन्यजन्तु प्रजातिको जडान गरेको क्यामेराले रेकर्ड गरेको सर्वेक्षणकर्ताले जनाएको उहाँले जानकारी दिनुभयो । जसले स्वस्थ र सन्तुलित पहाडी पारिस्थितिक प्रणालीलाई प्रतिविम्बित गरेको छ ।

क्यामेरा ट्र्यापिङ, स्क्याट सर्वेक्षण र सिकार मूल्याङ्कनमार्फत सङ्कलन गरिएको तथ्याङ्कले मानव वन्यजन्तु द्वन्द्व हटस्पट पहिचान गर्न महत्त्वपूर्ण भूमिका रहने अपेक्षा गरिएको छ । यसमा सुधारिएको पशुपालन अभ्यास, सिकार न्यूनीकरण, मौसमी चरन व्यवस्थापन र सहअस्तित्वमा केन्द्रित सामुदायिक जागरुकताजस्ता कार्यक्रमले नागरिकमा सचेतना फैलिएको छ । जसले हिउँ चितुवाको संरक्षणमा टेवा पुगेकाले सङ्ख्या बढ्न सक्ने सर्वेक्षणकर्ताले अनुमान गरेको एक्यापले जनाएको छ ।

एनआरसिए, एनटिएनसी एक्याप मनाङका प्रकाश अधिकारी, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका संरक्षण अधिकृत गोपाल खनाल, एनटिएनसी एक्याप मनाङका ओमबहादुर गुरुङ, ज्ञानबहादुर गुरुङ, यामबहादुर गुरुङ र भक्तसिं गुरुङको सहयोगमा सर्वेक्षण भइरहेको जनाइएको छ । ***रासस***

# आधारभूत तहस्तरीय चित्रकला प्रतियोगिता सम्पन्न

भक्तपुर, १३ पुस । भक्तपुर नगरपालिका वडा नं. ९ मा सञ्चालित सामुदायिक विद्यालयहरूको समन्वय समितिको वार्षिक कार्य तालिकाअनुसार दत्तात्रय आधारभूत विद्यालयको आयोजनामा आधारभूत तहस्तरीय चित्रकला प्रतियोगिता सम्पन्न भयो ।

'हाम्रो सम्पदा' शीर्षकमा लेखाइएको उक्त सिसाकलमा चित्र (पेन्सिल आर्ट) प्रतियोगितामा वडाका तीन ओटा विद्यालयहरू (वागीश्वरी मावि, सरस्वती, विद्यागृह मावि र दत्तात्रय आवि) मा अध्ययनरत कक्षा ८ सम्मका विद्यार्थीहरूले सहभागिता जनाएका थिए ।

प्रतियोगितापछि आयोजित पुरस्कार वितरण कार्यक्रममा वडाध्यक्ष रवीन्द्र ज्याख्वले विद्यार्थीको जीवनको लक्ष्य र अभिरूचि फरक भए पनि लक्ष्य प्राप्तिका लागि अघि बढ्दा बढ्दै आफ्नो रूचिअनुसारको प्रतिभालाई पनि सँगसँगै हुर्काउन सकिने बताउनुभयो ।

राज्यको लगानी भएको सामुदायिक विद्यालयमा पढ्न पाएकोमा गौरव गर्न आग्रह गर्दै उहाँले विद्यार्थीमा अन्तर्निहित प्रतिभाले देशलाई चिनाउन सकिने दृष्टान्त दिनुभयो ।

उहाँले प्रतिभा खारिँदै गए त्यसबाट पैसा पनि कमाउन सकिने त हुन्छ तर, पैसालाई भन्दा प्रतिभालाई प्राथमिकता दिन सुझाव दिनुभयो ।

कार्यक्रममा समन्वय समितिका संयोजक ज्ञानसागर प्रजापतिले मूर्त सम्पदाजस्तै अमूर्त सम्पदाको पनि उत्तिकै महत्त्व हुने बताउँदै चित्रकलाकै कारण भक्तपुरको ५५ झ्याले दरबार विश्व सम्पदामा सूचिकृत भएको जानकारी दिनुभयो ।

५५ झ्याले दरबारको मातन तला (पहिलो तल्ला) मा रहेको भित्ते चित्रको चर्चा गर्दै उहाँले तीन सय वर्ष पुरानो चित्रलाई आजसम्म पनि जीवन्त राख्दा उक्त चित्र विश्व सम्पदा भएको भनी चित्रको महत्त्वमाथि प्रकाश पार्नुभयो ।

प्रतियोगिताका निर्णायक चित्रकलाविज्ञ विकास तमखुले कुनै पनि कला निखार्न निरन्तर साधनाको खाँचो औँल्याउँदै चित्रकलाले विद्यार्थीहरूमा धैर्य क्षमताको पनि विकास हुने प्रस्ट पार्नुभयो ।

आयोजक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सञ्जय मानन्धरको सभापतित्वमा भएको उक्त कार्यक्रममा वागीश्वरी माविका प्रअ कृष्णप्रसाद कर्माचार्य, सरस्वती विद्यागृह माविका प्रअ गनुराज साम्पाङ राई र दत्तात्रय आविका प्रअ सज्जनमान प्रधानले पनि चित्रकलाको महत्त्वमाथि प्रकाश पार्नुभएको थियो ।

कार्यक्रममा शिक्षकद्वय पद्मराज तिवारी र कुमार गौतमले पनि बोल्नुभएको थियो ।

प्रतियोगिताका विजयी विद्यार्थीलाई मेडल र प्रमाणपत्रले सम्मान गरिएको थियो । प्रतियोगितामा छात्र समूहमा सरस्वती विद्यागृहका रोमस सुनुवार पहिलो र अनिस सिङ्गार दोस्रो भएका थिए भने वागीश्वरी माविका हेमन ग्वाछा तेस्रो भएका थिए ।

त्यस्तै छात्रा समूहमा सरस्वती विद्यागृहकी साइमा राई पहिलो र रोशनी थिङ तृतीय तथा वागीश्वरी माविकी पलिसा प्रजापति द्वितीय भएकी थिइन् ।

# युक्रेनले शान्ति अस्वीकार गरे सैन्य माध्यमबाटै लक्ष्य पूरा गर्छौं : पुटिन




मस्को, १३ पुस (एएनआई) । रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले युक्रेन शान्तिपूर्ण समाधानतर्फ नआए रुसले सैन्य माध्यमबाटै आफ्नो 'विशेष सैन्य अपरेसन' का सबै लक्ष्य प्राप्त गर्ने चेतावनी दिनुभएको छ । शनिबार रुसी सशस्त्र बलको एक कमान्ड पोस्टको भ्रमणपछि उहाँले यस्तो टिप्पणी गर्नुभएको हो ।

आरटीको रिपोर्टअनुसार राष्ट्रपति पुटिनले भन्नुभयो, "यदि किएभ शान्ति चाहँदैन भने रुसले सैन्य माध्यमबाट विशेष सैन्य अपरेसनका सबै लक्ष्य हासिल गर्नेछ ।" उहाँका अनुसार रुसी-युक्रेनी सीमामा बफर जोन स्थापना गर्ने काम योजनाअनुसार अघि बढिरहेको छ र रुसी सेनाले डोनबास र जापोरिजिया क्षेत्रको सम्पूर्ण सम्पर्क रेखामा प्रगति गरिरहेको छ ।

राष्ट्रपति पुटिनले चिफ अफ जनरल स्टाफ भ्यालेरी गेरासिमोभ र विभिन्न युद्ध समूहका कमान्डरहरूसँग भेटवार्ता गरेपछि यो धारणा सार्वजनिक गर्नुभएको हो । तास समाचार एजेन्सीका अनुसार उहाँले जापोरिजिया क्षेत्रमा गुलाइपोल र डोनेट्स्क पिपल्स रिपब्लिक (डीपीआर) अन्तर्गत दिमित्रोभ क्षेत्र मुक्त गरिएकोबारे जानकारी लिनुभएको थियो ।

आरटीको रिपोर्टमा उल्लेख गरिएअनुसार राष्ट्रपति पुटिन र जनरल स्टाफ प्रमुखका टिप्पणीले किएभका सत्ताधारी नेताहरू द्वन्द्वलाई शान्तिपूर्ण रूपमा समाधान गर्न 'कुनै हतारमा नरहेको' सङ्केत गरेको छ ।

युक्रेनी राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले भने चार वर्षदेखि जारी युद्धका क्रममा रुसले कब्जा गरेको भूभाग र जापोरिजिया आणविक ऊर्जा संयन्त्र (जेडएनपिपी) युक्रेनका लागि 'रेड लाइन' भएको दोहोऱ्याउनुभएको छ । उहाँले ती विषयमा कुनै पनि संवेदनशील निर्णय जनमतसङ्ग्रह वा विधायी प्रक्रियामार्फत युक्रेनी जनताको परामर्शबिना सम्भव नहुने स्पष्ट पार्नुभएको छ ।


## हार्दिक समवेदना



भक्तपुर जिल्ला हाल भ.न.पा. वडा नं. १० नगाँचा टोल बस्ने यस संस्थाका सदस्यता नं. १७४४४ का सदस्य **रीतामैया शाख**को असामयिक निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**जन्म**: २०१६/०५/०६
**निधन**: २०८२/०८/२३

**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
भ.न.पा.-७, चोर्चा, भक्तपुर



## मतदानमा सहभागी बनौं।

- ❖मतदान गर्नु नागरिकको अधिकार र कर्तव्य हो।
- ❖मतदाताको अधिकारलाई जिम्मेवारीपूर्वक निर्वाह गरौं।
- ❖मतदाता नामावलीमा आफ्नो नाम दर्ता भए नभएको एकिन गरौं।
- ❖मतदान स्थल, केन्द्र र समयको बारेमा जानकारी राखौं।
- ❖मतदान गर्न जाँदा मतदाता परिचयपत्र अनिवार्यरुपमा लिएर जाऔं।
- ❖दबाब र प्रभावमा परी मतदान नगरौं।
- ❖व्यक्तिगत विवेकका आधारमा मतदान गरौं।
- ❖अस्वस्थ, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिलाई मतदान केन्द्रसम्म पुग्न सहयोग गरौं।
- ❖सामाजिक सद्भाव, शान्ति र सुरक्षित वातावरण कायम गरी मतदान गरौं।
- ❖राष्ट्रिय हित, विकास र सुशासनका पक्षमा योग्य प्रतिनिधि छानौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



## भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि.

च्याम्हासिंह -९, भक्तपुर
फोन नं. ६६१४६८६, ९८६०११६४४४

## कर्जा चुक्ता भुक्तानी गर्नेसम्बन्धी ३५ दिने सार्वजनिक सूचना

यस संस्थाबाट ऋण लिएका तपसिलबमोजिमका ऋणीहरूले घर जग्गा तथा अन्य कार्य गर्न लिनुभएको ऋण कर्जाको यस संस्थासँग गरेको लिखत तमसुक सम्झौताबमोजिम समय समयमा तिर्नु/बुझाउनुपर्ने सावाँ/किस्ता/ब्याज/जरिवाना तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक तथा लिखित तारताकेता गर्दासमेत कर्जा चुक्ता गर्नेतर्फ चासो नदेखाई बेवास्ता गरी बसेकोले यो कर्जा चुक्ता भुक्तानी गर्नेसम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र संस्थालाई बुझाउनुपर्ने सम्पूर्ण बक्यौता रकम चुक्ता गर्न आउनुहोला । अन्यथा सहकारी ऐन, नियम, प्रचलित कानुन तथा ऋणी र संस्थाबिच भएको सर्त सम्झौता र संस्थाको नीति नियमबमोजिम कर्जाबापत धितो लेखिदिनुभएको धितो सुरक्षणबापतको अचल श्रीसम्पत्ति लिलाम बिक्री गरी असुलउपर गरिने व्यहोरा यसै सूचनाद्वारा सम्बन्धित ऋणी तथा जमानीकर्ताहरूलाई जानकारी गराइन्छ । ऋणी तथा जमानीकर्ताहरूले लेखिदिएको धितोबाट सहकारी संस्थाको लेना रकम असुलउपर हुन नपुग भएमा ऋणी तथा ऋणीका परिवार एवं व्यक्तिगत धन जमानी गरिदिने व्यक्ति, जमानीकर्ताहरूको अन्य घरघरानाका चल अचल जायजेथाबाट समेत असुलउपर गरिनेछ । साथै कर्जाको सुरक्षणबापत अचल सम्पत्ति धितो लेखिदिने तथा धन जमानी लेखिदिने जमानीकर्ताहरूलाई पनि यसै सूचनालाई आधार मानी ऋण रकम चुक्ता गर्न, गराउन लगाउन हुन अनुरोध गरिन्छ । अन्यथा सम्झौताबमोजिम संस्थाले सम्पूर्ण बक्यौता रकम असुल गर्न सहकारी ऐन २०७४ को दफा ७९ बमोजिम एवम् सहकारी नियमावली २०७५ र अन्य प्रचलित कानुनबमोजिम धित्तो लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी ऋण असुली गर्ने कानुनी प्रकृया अगाडि बढाइने व्यहोरासमेत यसै सूचानाद्वारा सूचित गराइन्छ ।

| ऋणीको विवरण | ऋणीको फोटो | धितोमा रहेको घरजग्गाको विवरण |
|---|---|---|
| **नाम** : सानुमैंया कोजु<br>**बुबा** : शेरबहादुर कोजु<br>**पति** : दिनेश ग्वाछा<br>**ससुरा** : कृष्णहरि ग्वाछा<br>**ठेगाना** : भ.न.पा.वडा नं.७, गोल्मढी<br>**ना.प्र.नं.** : २२८१०<br>**जारी मिति** : २०६१/११/२७<br>जि.प्र.का.भक्तपुर | <br>**सानुमैंया कोजु** | भक्तपुर जिल्ला, चित्तपोल गा.वि.स. १/१क, कित्ता नं. १०५७ क्षेत्रफल ०-३-३-१ भएको कित्ता जग्गा र सो जग्गामा बनेको घरसमेत |
| **नाम** : शान्ति बासुकला<br>**पति** : मुकेश बासुकला<br>**ससुरा** : ज्ञानीप्रसाद बासुकला<br>**ठेगाना** : भनपा १०, ब्यासी<br>**ना.प्र.नं.** : २९१००१/१६७९<br>**जारी मिति** : २०६४/०३/०१<br>जि.प्र.का. भक्तपुर | <br>**शान्ति बासुकला** | झौखेल-८/८ग कित्ता नं. ११०७ क्षेत्रफल (०-४-०-०), ११०० क्षेत्रफल (०-६-२-०), ११०२ क्षेत्रफल (० -१-१-०)<br>**भाडा बस गाडी नं.** : बा ३ ख ३३३०<br>**च्यासिस नं.** : :MC228MRTODK035045<br>**इन्जिन नं.** : E683CDDJ528471<br>**मोडेल** : २०१३ |



## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

ब्यासी, भक्तपुर

## कर टोलीसम्बन्धी सूचना

भक्तपुर नगरक्षेत्रभित्रका दर्ता हुन बाँकी उद्योग, पसल, व्यवसाय आदि दर्ता तथा नवीकरणका लागि कर टोलीको व्यवस्था भएको र उक्त कर टोली २०८२।०९।०७ गतेदेखि २०८२।०९।१७ गतेसम्मका लागि नगरपालिकाको ७ नं. वडामा खटिएकोले टोलीमार्फत आ-आफ्नो व्यवसायको दर्ता तथा नवीकरण गर्नुहुन सम्बन्धित सबैमा अनुरोध गरिन्छ ।



## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

ब्यासी, भक्तपुर

## स्वीकृति लिएर मात्र ईँट्टा पार्ने र माटो ओसार पसार गर्नेसम्बन्धी भक्तपुर नगरपालिकाको अत्यन्त जरुरी सूचना

भक्तपुर नगरक्षेत्र भित्रबाट माटो झिक्न, ईँट्टा पार्न, काँचो ईँट्टा तथा माटो ओसार पसार गर्न नियमानुसारको दस्तुर तिरी नगरपालिकाको स्वीकृति लिनुपर्ने व्यवस्था भक्तपुर नगरपालिकाको आर्थिक ऐन २०८२ को दफा १२ मा व्यवस्था भएकोमा हालका दिनहरूमा भक्तपुर नगरपालिका वडा नं. १० को वन्ती, सुकुना फाँटलगायतका क्षेत्रबाट बिनास्वीकृति माटो झिक्ने, ईँट्टा पार्ने, काँचो ईँट्टा तथा माटो ओसार पसार गर्ने कार्य भइरहेको भन्ने जानकारीमा आएकोले व्यवसायीहरूले नगरपालिकाको स्वीकृति लिएर मात्र उल्लेखित कार्य गर्न हुन अनुरोध गरिन्छ । बिनास्वीकृति उल्लेखित कार्य गरेको पाइएमा जरिवानासहित रकम असुललगायतका कारबाही हुने व्यहोरासमेत जानकारी गराइन्छ ।


प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा